मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

## देश परिवर्तन गर्न नागरिकको योगदान आवश्यक: पराजुली

समाचार पृष्ठ ५ मा



● वर्ष ४ ● अंक ११४ ● २०८२ साल फागुन २९ गते शुक्रबार ● Friday 13, March 2026 ● सूर्योदय: बिहान ०६:१७ बजे ● सूर्यास्त: साँझ ०६:१२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

### पर्साका चारै सांसदलाई रेडियो वीरगंजको सम्मान

## विकास र जनविश्वास कायम राख्ने प्रतिवद्धता




**मधेशदृष्टि**
**वीरगंज।**
मधेश तराईकै पहिलो रेडियोका रूपमा परिचित रेडियो वीरगंज ९९ मेगाहर्ज, टिभी वीरगंज र मधेशदृष्टि दैनिकले पर्सा जिल्लाबाट नवनिर्वाचित चारै जना प्रतिनिधिसभा सदस्यलाई सम्मान गर्दै उनीहरूलाई जनताको अपेक्षा र जिम्मेवारीप्रति सचेत गराएको छ । बिहीबार रेडियो परिसरमा आयोजित विशेष कार्यक्रममा पर्साबाट निर्वाचित सांसदहरूले जनविश्वासलाई कायम राख्दै विकास र सुशासनका लागि जिम्मेवार ढङ्गले काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

रेडियो वीरगंज, टिभी वीरगंज र मधेशदृष्टिका कार्यकारी अध्यक्ष ध्रुव साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा पर्साबाट निर्वाचित सांसदहरूलाई सम्मान गरिएको हो । कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीबाट निर्वाचित पर्सा–१ का हरि पन्त, पर्सा–२ का सुशील कुमार कानु, पर्सा–३ का रामाकान्त चौरसिया र पर्सा–४ का टेक बहादुर शाक्यलाई सम्मान गरिएको थियो।

सम्मान ग्रहण गर्दै पर्सा–१ का सांसद हरि पन्तले आफूलाई दिएको जनमतलाई जिम्मेवारीपूर्वक निर्वाह गर्ने प्रतिबद्धता जनाए । उनले जनताको विश्वास कहिल्यै टुट्न नदिने प्रतिज्ञा गर्दै शिक्षा, स्वास्थ्य र खेलकुद पूर्वाधारको सुधारलाई प्राथमिकतामा राखेर काम गर्ने बताए। विशेषगरी वीरगंजस्थित ठाकुरराम बहुमुखी क्याम्पस, नारायणी अस्पताल तथा नारायणी रङ्गशालाको स्तरोन्नतिका लागि पहल गर्ने उनले बताए।

पर्सा–२ का सांसद सुशील कुमार कानुले जिल्लाको समग्र विकासका लागि चारैजना सांसदबीच सहकार्य अपरिहार्य रहेको बताए । उनले पर्साको दीर्घकालीन विकासका लागि साझा योजना तयार गरी संयुक्त रूपमा अघि बढ्ने धारणा राखे। कानुका अनुसार स्वास्थ्य, खेलकुद तथा सडक पूर्वाधार सुधारलाई प्राथमिकतामा राख्दै पर्सा–१ देखि ४ सम्मका क्षेत्रलाई जोड्ने पूर्वाधार विकासमा विशेष ध्यान दिइनेछ।

यसैगरी पर्सा–३ का सांसद रामाकान्त चौरसियाले वीरगंजस्थित पुरानो चिनिमिल रहेको स्थानमा पुनः उद्योग सञ्चालन सम्भावना नरहेको धारणा राखे। उनले सो स्थानको जग्गा बिक्री गरेर पर्साको ग्रामीण क्षेत्रमा नयाँ जग्गा खरिद गरी आधुनिक चिनिमिल सञ्चालन गर्ने सम्भावनाबारे अध्ययन गर्नुपर्ने बताए। यसले कृषकलाई प्रत्यक्ष लाभ पुग्ने र स्थानीय अर्थतन्त्रलाई नयाँ ऊर्जा मिल्ने उनको विश्वास छ।

पर्सा–४ का सांसद टेक बहादुर शाक्यले ठोरी क्षेत्रलाई मधेश प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्यसहित काम गर्ने बताए । प्राकृतिक सुन्दरताले भरिपूर्ण ठोरीलाई पर्यटनको केन्द्र बनाउने योजनासहित पूर्वाधार विकासलाई प्राथमिकतामा राखिने उनले स्पष्ट पारे । साथै ठोरीलाई वीरगंज र चितवनसँग जोड्ने अधुरो हुलाकी सडक निर्माण कार्य सम्पन्न गर्न पहल गरिने उनले जानकारी दिए।

कार्यक्रममा सहभागीहरूले जनताले दिएको जनादेश केवल सम्मानको विषय मात्र नभई ठूलो जिम्मेवारी भएको उल्लेख गर्दै सांसदहरूलाई जनअपेक्षा अनुरूप काम गर्न आग्रह गरेका थिए। नवनिर्वाचित सांसदहरूले पनि आफूहरू जनताको सेवकका रूपमा पारदर्शी, उत्तरदायी र विकासमुखी कार्यशैली अपनाउँदै पर्साको समग्र विकासका लागि मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

## व्यवसायीलाई कडाइभन्दा सहजीकरण आवश्यक: गभर्नर




**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल राष्ट्र बैंकका गभर्नर विश्वनाथ पौडेलले बैंकिङ कारोबारसँग जोडिएको कालोसूची सम्बन्धी व्यवस्थाबारे राष्ट्र बैंकले पुनः अध्ययन गरिरहेको बताएका छन् । विशेषगरी चेक बाउन्स हुने वित्तिकै व्यक्तिलाई कालोसूचीमा राख्ने हालको प्रावधानलाई कसरी सुधार गर्न सकिन्छ भन्ने विषयमा गम्भीर समीक्षा भइरहेको उनले जानकारी दिए।

वीरगंज उद्योग वाणिज्य संघको ५० बार्षिक साधारणसभालाई सम्बोधन गर्दै गभर्नर पौडेलले चेक अनादर हुनेबित्तिकै कालोसूचीमा राख्ने व्यवस्था कत्तिको उपयुक्त छ भन्ने विषयमा अध्ययन भइरहेको बताए।

उनका अनुसार बैंक तथा वित्तीय संस्थाबाट ऋण लिने वा चेक बाउन्स हुने कारणले धेरै व्यक्ति कालोसूचीमा पर्ने गरेको देखिएकाले यो सूचीलाई आवश्यक मात्रामा सीमित राख्ने उपाय खोज्न राष्ट्र बैंक लागिपरेको छ।

'कालोसूचीमा राख्नुपर्ने र नराख्नुपर्ने व्यक्तिबारे स्पष्ट मापदण्ड आवश्यक छ,' उनले भने, 'यस विषयमा मैले विस्तृत रूपमा अध्ययन गरिरहेको छु ।' गभर्नर पौडेलले अत्यधिक कडाई वा दण्डात्मक व्यवस्था मात्र लागू गरेर अर्थतन्त्र चलाउन नसकिने पनि उल्लेख गरे। उनका अनुसार व्यापार–व्यवसाय सञ्चालनका क्रममा उद्यमीहरूले विभिन्न चुनौती र असफलता सामना गर्दै अनुभव हासिल गर्ने भएकाले त्यस्ता अवस्थालाई व्यवस्थापन गर्ने वातावरण आवश्यक हुन्छ।

उनले व्यवसायीलाई निरन्तर आलोचना गरेर मात्रै देशको

बाँकी पृष्ठ २ मा

### 'बालेन लहर'को प्रभाव

## चर्चित र स्थापित नेताहरू पनि चुनावमा पराजित



**मधेशदृष्टि**
**वीरगंज।**
जेन–जी आन्दोलनपछि फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा काम र लोकप्रियताका कारण चर्चामा रहेका धेरै स्थापित नेताहरूले समेत पराजय भोग्नुपरेको छ । यसपटकको निर्वाचनमा देखिएको 'बालेन लहर'ले विकास निर्माणका कामका आधारमा लोकप्रिय बनेका नेताहरूलाई समेत चुनावी मैदानमा टिक्न कठिन बनाएको देखिएको छ । नेपाली काँग्रेसका सभापति गगन थापा पनि यसपटकको निर्वाचनमा पराजित भए। उम्मेदवारी दर्ता हुनुभन्दा केही दिनअघि मात्रै नेपाली कांग्रेस भित्र विद्रोह गर्दै विशेष अधिवेशनमार्फत सभापति बनेका थापा मधेशको सर्लाही–४ बाट प्रतिनिधिसभा सदस्यका लागि चुनावी प्रतिस्पर्धामा उत्रिएका थिए । तर उनलाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार अमरेश कुमार सिंहले फराकिलो मतान्तरले पराजित गरे।

त्यसैगरी देशमा लोडसेडिङ अन्त्य गरेर चर्चामा आएका कुलमान घिसिङ पनि यसपटक चुनाव जित्न असफल भए। कामकै मूल्यांकनका आधारमा उनी सुशीला कार्की नेतृत्वको सरकारमा महत्वपूर्ण मन्त्रालयको जिम्मेवारीमा समेत पुगेका थिए । पछि सो पदबाट राजीनामा दिएर आफ्नै राजनीति दल दर्ता गरी चुनाव लडेका घिसिङलाई रास्वपाका उम्मेदवार राजुनाथ पाण्डेले पराजित गरेका हुन् । भावी प्रधानमन्त्रीका रूपमा समेत चर्चा हुँदै आएका घिसिङको हारलाई धेरैले 'बालेन लहर'को प्रभावसँग जोडेर हेरेका छन्।

चितवनको भरतपुर महानगरपालिकाकी मेयर पदबाट राजीनामा दिई प्रतिनिधिसभा सदस्यका लागि प्रतिस्पर्धा गरेकी रेनु दाहाल पनि यसपटक पराजित भइन्। भरतपुरमा दोस्रो पटक मेयर बनेर विकास निर्माणका कामका कारण चर्चामा आएकी दाहाललाई रास्वपाकी उम्मेदवार सोविता गौतमले पराजित गरेकी हुन्। उनको हारलाई पनि विश्लेषकहरूले रास्वपाको बढ्दो प्रभावसँग जोडेर व्याख्या गरेका छन्।

त्यसैगरी रौतहट जिल्लामा विकास निर्माणका कामले चिनिएका नेता प्रभु साह पनि यसपटक चुनाव हार्न पुगे। रौतहट–३ बाट लगातार चार पटक प्रतिनिधिसभा सदस्य निर्वाचित हुँदै आएका साहलाई रास्वपाका उम्मेदवार रविन्द्र पटेलले पराजित गरे। आम जनता पार्टी स्थापना गरी चुनावी मैदानमा उत्रिएका साहले यसपटक मतदाताको समर्थन कायम राख्न सकेनन्।

यस्तै मधेशमा आफ्नो पार्टीलाई स्थापित गर्न सफल जनमत पार्टीका अध्यक्ष डा. सिके राउत पनि यसपटकको निर्वाचनमा पराजित भए । अघिल्लो निर्वाचनमा मधेशका प्रभावशाली नेता उपेन्द्र यादवलाई हराएर चर्चामा आएका राउतलाई यसपटक मतदाताले साथ नदिएको विश्लेषण भइरहेको छ । संघीय र प्रदेश सरकारमा जनमत पार्टी सहभागी भएपनि आफू मन्त्री नबनी अन्य नेताहरूलाई अवसर दिएका राउतको लोकप्रियता यसपटक मतमा परिणत हुन सकेन।

अघिल्लो निर्वाचनमा मधेश प्रदेशमा जनमत पार्टीले समानुपातिकतर्फ उल्लेखनीय मत प्राप्त गरेको थियो । तर यसपटक समानुपातिक मतसमेत घटेको देखिएकाले पार्टीप्रति मतदाताको विश्वास केही कम भएको अनुमान गरिएको छ । राजनीति विश्लेषकहरूका अनुसार यसपटकको निर्वाचनले नयाँ राजनीति शक्तिको उदय र 'बालेन लहर'ले पुराना तथा स्थापित नेताहरूलाई समेत कडा चुनौती दिएको स्पष्ट संकेत गरेको छ।

## अब आधा सिलिण्डर ग्यास दिइने

**काठमाडौँ।**
नेपाल आयल निगमले ग्यास सिलिण्डरमा ७.१ किलो एलपी ग्यास भरी प्रति सिलिण्डर आधा ९ सय ५५ रुपैयाँमा बिक्री वितरण गर्ने निर्णय गरेको छ।

निगमले बिहीबार विज्ञप्ति जारी गरी हालको परिस्थितिलाई दृष्टिगत गरी एलपी ग्यासको आपूर्ति तथा वितरण प्रणालीलाई व्यवस्थित बनाइ आम उपभोक्ताको माग बमोजिम ग्यास उपलब्ध हुने अवस्थाको सहजीकरणका लागि निगमले शुक्रबारदेखि लागू हुने गरी अर्को निर्णय नभएसम्म ग्यास सिलिण्डरमा ७.१ किलो एलपी ग्यास भरी प्रति सिलिण्डर आधा मूल्य ९ सय ५५ रुपैयाँमा बिक्री वितरण गर्ने निर्णय भएको जनाएको छ।

आम उपभोक्ता वर्गले सोहीअनुसार एलपी ग्यास खरिद गर्न निगमले अनुरोध गरेको छ।

निगमले निगमले नियमित रुपमा माग अनुरूप नै एलपी ग्यासको आयात तथा वितरण गरिरहेको भए पनि विगत दुई–तीन महिनादेखि काठमाडौँ उपत्यकामा ग्यासको माग उच्च देखिएको र यसैबीच मध्यपूर्व क्षेत्रमा भइरहेको युद्धका कारण पेट्रोलियम पदार्थ तथा एलपी ग्यासको आपूर्तिमा विश्वव्यापी रूपमा असर परिरहेको प्रष्ट पारेको छ।

### मधेशमा समानुपातिकमा पनि

## रास्वपाको दबदबा



**मधेशदृष्टि**
**जनकपुरधाम।**
प्रतिनिधि सभा निर्वाचनअन्तर्गत समानुपातिकतर्फको मतगणना सम्पन्न भएसँगै मधेश प्रदेशमा मधेशवादी दलहरूको प्रभाव कमजोर देखिएको छ।

यस निर्वाचनमा प्रत्यक्ष र समानुपातिक दुवैतर्फ देशभर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को उल्लेखनीय प्रभाव देखिएको छ । विशेषगरी मधेश प्रदेशमा मधेशका मुद्दा उठाउँदै आएका जनता समाजवादी पार्टी (जसपा) नेपाल र जनमत पार्टी अपेक्षाभन्दा निकै कमजोर अवस्थामा पुगेका छन्।

समानुपातिक मत परिणामअनुसार मधेश प्रदेशमा जसपा नेपाल एक लाख २९ हजार ६ सय ४८ मतसहित चौथो स्थानमा रहेको छ भने जनमत पार्टी ५० हजार ४२ मतसहित छैटौँ स्थानमा सीमित भएको छ।

यसैबीच मधेश प्रदेशमा समानुपातिकतर्फ राष्ट्रिय स्वतन्त्र पार्टी १२ लाख ४१ हजार २ सय ४८ मतसहित पहिलो स्थानमा छ। नेपाली कांग्रेस २ लाख ७६ हजार ७ सय ५३ मतसहित दोस्रो स्थानमा रहेको छ । पहिलो र दोस्रो दलबीचको मतान्तर मात्रै ९ लाखभन्दा बढी रहेको छ।

नेकपा एमाले १ लाख ८१ हजार ७ सय ३९ मतसहित तेस्रो स्थानमा रहेको छ भने पाँचौँ स्थानमा रहेको नेपाली कम्युनिस्ट पार्टीले १ लाख ७ सय ८४ मत प्राप्त गरेको छ।

जिल्लागत अवस्था

सप्तरी जिल्लामा समानुपातिकतर्फ जसपा नेपाल ३६ हजार ६८ मतसहित दोस्रो स्थानमा छ भने जनमत पार्टी १८ हजार ९ सय १ मतसहित चौथो स्थानमा रहेको छ । सप्तरीमा रास्वपा पहिलो र नेपाली कांग्रेस तेस्रो दल बनेका छन्।

सिराहा जिल्लामा जसपा नेपाल १५ हजार ४ सय ९१ मतसहित पाँचौँ स्थानमा खुम्चिएको छ भने जनमत पार्टी १० हजार ७३ मतसहित छैटौँ स्थानमा छ । यहाँ रास्वपा पहिलो, नेपाली कांग्रेस दोस्रो, नेकपा एमाले तेस्रो र नेपाली कम्युनिस्ट पार्टी चौथो स्थानमा छन्।

धनुषा जिल्लामा पनि जसपा नेपाल पाँचौँ स्थानमा सीमित भएको छ। यहाँ जसपा नेपालले ८ हजार ४ सय ५५ मत प्राप्त गरेको छ भने जनमत पार्टी ४ हजार ७४ मतसहित सातौँ स्थानमा छ । धनुषामा रास्वपा पहिलो, नेपाली कांग्रेस दोस्रो, नेकपा एमाले तेस्रो र नेपाली कम्युनिस्ट पार्टी चौथो स्थानमा छन् । यहाँ छैटौँ स्थानमा रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले ५ हजार ७६ मत प्राप्त गरेको छ।

महोत्तरी जिल्लामा जसपा नेपाल २१ हजार १ सय ९२ मतसहित तेस्रो स्थानमा छ भने जनमत पार्टी ३ हजार

बाँकी पृष्ठ २ मा

# 'औषधि उद्योगलाई आत्मनिर्भरका साथै निर्यातमुखी बनाइने'



**काठमाडौँ ।**
स्वास्थ्य तथा जनसंख्या मन्त्री डा सुधा गौतमले नेपालका औषधि उद्योगलाई आत्मनिर्भर मात्र नभई निर्यातमुखी बनाउनुपर्ने बताएकी छिन् । नेपाल औषधि उत्पादक सङ्घले बिहीबारदेखि सुरु गरेको १०आँै नेपाल फर्मा एक्स्पोको आयोजित कार्यक्रममा मन्त्री डा गौतमले सरकार, निजी क्षेत्र र सरोकारवालाबीच समन्वय गरेर काम गर्न सके नेपालको औषधि उद्योगलाई आत्मनिर्भर मात्र नभई निर्यातमुखी बनाउन सकिने बताइन् । नेपालको औषधि उद्योगले पछिल्ला वर्षमा उल्लेखनीय प्रगति गरे पनि अझै धेरै काम गर्न बाँकी रहेको उनले बताइन् ।

मन्त्री डा गौतमले कच्चापदार्थको मूल्य बढेपनि नेपाली औषधि कम्पनीले पहिलाकै मूल्यमा औषधि बेच्नुपर्ने बाध्यता रहेको बताइन् । उनले विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले पनि नेपालको औषधि नियमन प्रणालीलाई हालको अवस्थाबाट अझ उच्चस्तरमा पु¥याउन सुझाव दिएको उल्लेख गर्दै त्यसअनुसार सुधारका काम अघि बढाइएको जानकारी दिइन् । नेपालको औषधि उत्पदान बढाउनुपर्ने आवश्यकता रहेको उहाँले आँैल्याइन् ।

नेपालमा हाल बजारमा २४ हजार प्रकारका औषधि उपलब्ध छन् तर परीक्षण गर्ने क्षमता भने वार्षिक करिब ६४० प्रकारमा मात्र सीमित छ । कच्चापदार्थ गुणस्तरीय ल्याउन सके मात्र औषधिको गुणस्तर बढ्ने मन्त्री डा गौतमले बताइन् ।

स्वास्थ्य सचिव डा विकास देवकोटाले स्वदेशी औषधि उत्पादन बढाउने, औषधिको उपलब्धता सुनिश्चित गर्ने र औषधिमा आत्मनिर्भरता हासिल गर्ने लक्ष्य सरकारको नीति रहेको बताए । उले स्वदेशी औषधि उद्योगले नेपाली जनताको स्वास्थ्य सेवामा महत्वपूर्ण योगदान पु¥याइरहेको उनले उल्लेख गरे । स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत उपलब्ध हुने सेवामध्ये सबैभन्दा बढीले औषधिसँग सम्बन्धित सेवा लिने गरेको सचिव डा देवकोटाले बताए ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले औषधि क्षेत्रमा स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्ने स्पष्ट सरकारी नीति आवश्यक रहेको बताए । उनले देशभित्र उत्पादन हुन सक्ने औषधिलाई प्राथमिकता दिने नीति सरकारले प्रभावकारी रूपमा लागू गर्नुपर्ने बताए ।

नेपाल चिकित्सक सङ्घका अध्यक्ष डा अनिलविक्रम कार्कीले स्वास्थ्य बिमा कार्यक्रम र अस्पतालमा आधारित फार्मेसीमा स्वदेशी औषधिलाई प्राथमिकता दिनुपर्ने बताए । उनले स्वदेशी औषधि उद्योगलाई प्रोत्साहन गर्नु स्वास्थ्य प्रणाली सुदृढ बनाउन आवश्यक रहेको बताए ।

औषधि उत्पादन सङ्घका अध्यक्ष विप्लव अधिकारीका अनुसार एक्स्पोमा २०० भन्दा बढी कक्ष रहने छन् । यसमा औषधि उत्पादनमा प्रयोग हुने अत्याधुनिक प्रविधि, ल्याब टेक्नोलोजी, कच्चापदार्थ, प्याकिङ उत्पादक र मेसिनरीको प्रदर्शन प्रमुख रूपमा रहने जानकारी दिए । यसअघि चितवनमा हुँदै आएको एक्स्पो यसपटक काठमाडौँस्थित भृकुटीमण्डपमा हुन थालेको हो । उनका अनुसार एक्स्पोमा ९० प्रतिशतभन्दा बढी सहभागिता विदेशी तथा बहुराष्ट्रिय कम्पनीको सहभागिता रहेको छ । एक्स्पो आगामी शनिबारसम्म सञ्चालन हुनेछ ।

**'अस्पतालले दिने सेवामा सर्वसाधारणको सहज पहुँच आवश्यक'**

स्वास्थ्य तथा जनसंख्यामन्त्री डा सुधा शर्मा गौतमले जुनसुकै स्वास्थ्य सेवा एवं बिरामीको उपचारमा अस्पतालले दिएको सेवामा सर्वसाधारणको सहज पहुँच उपलब्धता हुनुपर्ने बताएकी छिन् । विश्व मिर्गाैला दिवस–२०२६ को अवसरमा बिहीबार सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द भक्तपुरले आयोजना गरेको कार्यक्रममा मन्त्री डा गौतमले बिरामीको उपचार सेवा सहज रुपमा पाउनुपर्ने बताइन् ।

उनले राष्ट्रिय प्रत्यारोपण केन्द्रले चलाएको अभियान सकारात्मक रहेको चर्चा गर्दै केन्द्रका लागि आवश्यक जग्गा उपलब्ध गराउन पहल गरिरहेको बताइन् । मिर्गाैला रोगका बारेमा सर्वसाधारणमा प्रभावकारी जनचेतना पुग्न सके नागरिकबाट सकारात्मक भूमिका निर्वाह हुने उल्लेख गर्दै मन्त्री डा गौतमले केन्द्रले देशभरि सञ्चालन गरेको अभियानलाई विस्तार गर्नुपर्ने बताइन् ।

उनले भनिन्, 'अङ्ग प्रत्यारोपण गरेका प्रत्यारोपितहरु अरु स्वस्थ्य व्यक्ति सरह जीवनयापन गर्न सक्छन, उनीहरु हरेक क्षेत्रमा सक्षम र सबल रुपमा कार्य गर्न सक्छन् भन्ने जनचेतना आमनागरिकमा पु¥याउन सके अङ्गदान तथा अङ्ग प्रत्यारोपण कार्यलाई अझ प्रभावकारी बनाउन सकिन्छ ।'

अस्पतालकी कार्यकारी निर्देशक डा कल्पनाकुमारी श्रेष्ठले विश्वभरि नै मिर्गाैला रोगको प्रकोप बढीरहेकाले रोगको पहिचान तथा उपचार र रोकथामका उपायबारे सबैलाई सचेत गराउन केन्द्र लागि परेको बताइन् । मिर्गाैला उपचारको क्षेत्रमा केन्द्र देशकै नमूना केन्द्रको रुपमा स्थापित भई हालसम्म एक हजार ५८६ जनाको मिर्गौला, ३६ जनाको कलेजो र दैनिक १५० जनाको डाइलाइसिस सेवा प्रवाह गर्दै आएको उनले बताइन् ।

मानव अङ्ग प्रत्यारोपण केन्द्र विकास समतिकि अध्यक्ष डा केशरबहादुर ढकालले साँघुरो भवनबाट सेवा प्रवाह हुँदा केन्द्रको सेवा विस्तार गर्न असहज भएकाले उचित स्थानमा जग्गा उपलब्ध गराउन माग गरिन् । रासस

# समानुपातिकतर्फको सिट संख्या सार्वजनिक




**काठमाडौँ ।**
निर्वाचन आयोगले समानुपातिकतर्फ निर्वाचित हुने गरी दलले प्राप्त गर्ने सिट संख्या निर्धारण गरी सार्वजनिक गरेको छ ।

आयोगले बिहीबार विज्ञप्ति जारी गरी समानुपातिक निर्वाचन प्रणालीतर्फको सम्पूर्ण मतगणना सम्पन्न गरी प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६०(२) अनुसार सम्बन्धित दलहरुले प्राप्त गरेको कूल सदर मत संख्याका आधारमा प्रचलित निर्वाचन कानुन बमोजिम तोकिएको थ्रेसहोल्ड (तीन प्रतिशत) पार गर्ने देहायका ६ दलबाट निम्नानुसारको संख्यामा उम्मेदवार निर्वाचित हुने गरी दलले प्राप्त गर्ने सिट संख्या निर्धारण भएको जनाएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले ५७ सिट, नेपाली कांग्रेसले २०, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत माक्र्सवादी–लेनिनवादी)ले १६, नेपाली कम्युनिष्ट पार्टीले नौ तथा श्रम संस्कृति पार्टीले र राष्ट्रिय प्रजातन्त्र पार्टीले चार÷चार सिट प्राप्त गरेका छन् । समानुपातिक निर्वाचन प्रणालीतर्फको सम्पूर्ण मतगणना सम्पन्न भई प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० अनुसार आयोगको आजको निर्णय बमोजिम सिट बाँडफाँटसमेत गरिएको हो ।

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा कूल एक करोड ८९ लाख ३ हजार ६८९ मतदातामध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक करोड ११ लाख ६८ हजार ३२ जनाले मतदान गरेका र त्यसमध्ये एक करोड ५ लाख ५९ हजार १७ (९४.५५%) मत सदर भएको छ । त्यस्तै समानुपातिक निर्वाचन प्रणालीतर्फ एक करोड १२ लाख ८० हजार ६१७ जनाले मतदान गरेकामा एक करोड ८ लाख ३५ हजार २५ (९६.०५%) मत सदर भएको छ ।

उल्लिखित सिट संख्याअनुसार ऐनको दफा ६०(४), प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम ४१ तथा प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०८२ को दफा ३५ बमोजिम तीन दिनभित्र उम्मेदवारको नाम छनोट गरी आयोगसमक्ष पेस गर्न सम्बन्धित राजनीतिक दललाई आजै पत्राचार गरिएको आयोगले जनाएको छ । रासस

# बढ्न थाल्यो सहरी क्षेत्रमा तापक्रम

**काठमाडौँ ।**
देशका विभिन्न सहरमा यही फागुन २६ देखि २८ गतेसम्म अधिकांश स्थानमा अधिकतम तापक्रम क्रमशः बढ्दै गएको देखिन्छ ।

जल तथा मौसम विज्ञान विभागको तथ्याङ्कलाई हेर्दा स्थानमा सामान्य उतारचढाव मात्रै देखिएको छ । विभागले सार्वजनिक गरेको विवरणअनुसार तराई तथा मधेसका धेरैजसो सहरमा तापक्रम क्रमशः बढ्दै गएको छ ।

राजधानीमा फागुन २६ गते अधिकतम तापक्रम २०–२२ डिग्री सेल्सियस रहेकोमा शनिबार बढेर २४ डिग्री पुगेको थियो ।

बिहीबार मध्यान्हसम्म भने २५.४ डिग्री सेल्सियस पुगेको छ । आज रातिको न्यूनतम तापक्रम भने १५–१७ डिग्रीकै हाराहारीमा रहने अनुमान गरिएको छ ।

यसैगरी मध्यान्हसम्म सबैभन्दा बढी सिराहा र बाँकेको अधिकतम तापक्रम ३१ दशमलव १ डिग्री सेल्सियस पुगेको छ ।

सो समयमा मनाङ हुम्दे विमानस्थलको अधिकतम तापक्रम भने ३.२ डिग्री सेल्सियस रहेको छ । बिहीबार विराटनगरमा ३१–३३ डिग्री सेल्सियस पुग्ने अनुमान गरिएको छ । त्यस्तै नेपालगञ्जमा भने ३०–३२ डिग्री सेल्सियस आसपास रहने अनुमान गरिएको छ ।

गण्डकी प्रदेशको पोखरामा बिहीबार २६–२८ डिग्री सेल्सियस पुग्ने अनुमान गरिएको छ । हिमाली क्षेत्रतर्फ जुम्लामा २३–२५ डिग्री सेल्सियससम्म पुग्ने देखिएको छ भने जोमसोममा पनि १७–१९ डिग्री सेल्सियससम्म पुग्ने अनुमान गरिएको छ । समग्रमा आगामी तीन दिनमा देशका अधिकांश सहरमा दिउँसोको तापक्रम क्रमशः बढ्ने तथा मौसम सामान्यतया सफा रहने सम्भावना रहेको विभागले जनाएको छ ।

विभागका मौसमविद् सञ्जीव अधिकारीका अनुसार बिहीबार देशका अधिकांश स्थानमा मौसम सफा रहेको छ । 'हावाको आद्र्रता बढेसँगै तापक्रममा पनि वृद्धि भएको छ । आगामी दिनहरूमा देशभर क्रमशः तापक्रम बढ्दै जाने सम्भावना रहेको छ,' उनले भने । रासस

# व्यवसायीलाई कडाइभन्दा...

आर्थिक विकास सम्भव नहुने बताउँदै उद्यमशीलता प्रवद्र्धनतर्फ राज्यले ध्यान दिनुपर्ने धारणा राखे। 'कसैले व्यवसाय गर्ने क्रममा एकपटक गल्ती ग¥यो भन्दैमा उसलाई अत्यधिक दुःख दिनु उचित हुँदैन,' उनले भने । अर्को प्रसङ्गमा उनले सूचना प्रविधिमा आधारित उद्योगलाई प्रोत्साहन गर्ने नीति राष्ट्र बैंकले अघि बढाइरहेको बताए । भविष्यमा ठूलो सम्भावना बोकेको क्षेत्र भएकाले आईटी उद्योगलाई प्राथमिकतामा राखेर अघि बढ्ने रणनीति बनाइएको उनले बताए।

गभर्नर पौडेलका अनुसार बैंक तथा वित्तीय संस्थालाई समेत डिजिटल प्रविधिमा आधारित सेवा विस्तार गर्न प्रोत्साहन गरिएको छ । 'आगामी दिनमा सूचना प्रविधि क्षेत्र तीव्र गतिमा विस्तार हुने अपेक्षा गरेका छौं,' उनले भने । उनले विगतमा वीरगंजमा फोटो स्टुडियो, गाडी मर्मतका वर्कसप तथा ग्यारेजजस्ता व्यवसायहरू धेरै देखिने गरेको स्मरण गर्दै अहिले ती व्यवसाय क्रमशः घट्दै गएको बताए ।उनका अनुसार अहिले अधिकांश व्यापार तथा सेवा डिजिटल प्लेटफर्मतर्फ सर्दै गइरहेकाले उद्यमी तथा व्यवसायीले पनि समयअनुसार आफ्नो व्यवसायिक रणनीति परिवर्तन गर्नुपर्ने आवश्यकता बढेको छ। गभर्नर पौडेलले नेपाली आईटी कम्पनीहरूलाई विदेशमा लगानी गर्न सक्ने वातावरण बनाउन पनि राष्ट्र बैंकले सहजीकरण गर्दै आएको दाबी गरे।

# मधेशमा समानुपातिकमा पनि...

१ सय १३ मतसहित सातौँ स्थानमा पुगेको छ। यहाँ पनि रास्वपा पहिलो र नेपाली कांग्रेस दोस्रो स्थानमा छन्। एमाले चौथो र नेपाली कम्युनिस्ट पार्टी पाँचौँ स्थानमा रहेको छ । नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल र नेपाल जनजागृति पार्टीको संयुक्त चिन्न 'बस' ले ८ हजार २ सय ८ मत पाएको छ, जुन जनमत पार्टीभन्दा बढी हो।

सर्लाही जिल्लामा जसपा नेपाल ६ हजार १ सय ८२ मतसहित सातौँ स्थानमा छ भने जनमत पार्टी ३ हजार ८ सय २३ मतसहित नवौँ स्थानमा पुगेको छ । यहाँ रास्वपा पहिलो, नेपाली कांग्रेस दोस्रो, नेपाली कम्युनिस्ट पार्टी तेस्रो र नेकपा एमाले चौथो स्थानमा छन्।

रौतहट जिल्लामा जसपा नेपाल १० हजार १ सय ४७ मतसहित चौथो स्थानमा छ भने जनमत पार्टी ३ हजार १२ मतसहित सातौँ स्थानमा रहेको छ । यहाँ रास्वपा पहिलो, नेपाली कांग्रेस दोस्रो र नेपाली कम्युनिस्ट पार्टी तेस्रो स्थानमा छन्।

बारामा जसपा नेपाल २४ हजार ३ सय २४ मतसहित चौथो स्थानमा पुगेको छ भने जनमत पार्टी ५ हजार २ सय ४६ मतसहित आठौँ स्थानमा सीमित भएको छ । यहाँ रास्वपा पहिलो, नेपाली कांग्रेस दोस्रो र नेकपा एमाले तेस्रो स्थानमा छन्।

पर्सा जिल्लामा जसपा नेपाल पाँचौँ स्थानमा रहँदा जनमत पार्टी आठौँ स्थानमा पुगेको छ। जसपा नेपालले यहाँ ७ हजार ७ सय ८९ मत पाएको छ भने जनमत पार्टीले १ हजार ८ सय मत प्राप्त गरेको छ। पर्सामा रास्वपा पहिलो, नेपाली कांग्रेस दोस्रो, नेकपा एमाले तेस्रो र राप्रपा चौथो स्थानमा छन्।

# पुल नहुँदा जोखिमपूर्ण यात्रा: बाँसको पुलमै निर्भर मर्चवारका बासिन्दा

**भैरहवा ।**
रुपन्देहीको मर्चवार क्षेत्रमा सम्मरीमाई गाउँपालिका–३ मा पर्ने भभइ–भटौलिया आसपासका बासिन्दा अझै पनि जोखिमपूर्ण आवतजावत गर्न बाध्य छन् ।

दानव नदीमाथि पक्की पुल नहुँदा स्थानीयले काठको अस्थायी डुङ्गा र बाँसको पुलको सहारामा दैनिक यात्रा गर्नुपर्ने अवस्था छ । लुम्बिनी सांस्कृतिक नगरपालिका–१२ भभइका स्थानीय कोइल लोधका अनुसार नदीको यस वारि भटौलिया र पारी भभइपर्छ । अहिले दुबे थुम्हवाका एक स्थानीय मल्लाहले बाँसको अस्थायी पुल बनाएर मानिसलाई नदी पार गराइरहेका छन् ।

'उनले धेरै दुखजिलो गरेर पुल बनाउँछन् । यसले उनको रोजीरोटी पनि चलेको छ र हामीलाई पनि आउँजाउ गर्न सजिलो भएको छ,' उनले भने, 'तर यहाँ पक्की पुल नहुँदा जहिले पनि जोखिम हुन्छ । पुल टुटने डरले मानिस घाइते हुन सक्छन्, सवारी साधनको पनि क्षति हुन सक्छ ।' उनका अनुसार यो बाटो अमहवादेखि बन्जरी चोकसम्म जोडिने महत्वपूर्ण मार्ग हो । मर्चवारबाट सिधैँ कक्रहवा, लुम्बिनीहुँदै नेपाल–भारत सीमासम्म पुग्नका लागि पनि यही बाटो प्रयोग हुने भएकाले यहाँ पुल निर्माण अत्यन्त आवश्यक रहेको स्थानीयको माग छ ।

भभइकै अर्का स्थानीय धर्मेन्द्र लोधले पुल नहुँदा वर्षायाममा समस्या झन् बढ्ने बताउँछन् । अहिले नदीमाथि बाँसको अस्थायी पुल बनाइए पनि वर्षा सुरु भएपछि त्यो पनि प्रयोग गर्न नसकिने अवस्था हुने गरेको उनको भनाइ छ ।

'अहिले त अलिअलि सुविधा छ, तर वर्षा लागेपछि हामी पानीमा हेलिएर हिँड्नुपर्छ,' उनले भने, 'यदि यहाँ पक्की पुल भइदिएको भए वर्षातमा पनि सहज रुपमा आवतजावत गर्न सकिन्थ्यो । पुल नहुँदा कहिले अजमा, दुईमुहान त कहिले बर्डर हुँदै घुमेर जानुपर्छ ।'



स्थानीय कुमार लोधका अनुसार नदीको दुवैतर्फ बसोबास गर्ने किसानको खेतीपाती पनि नदीपारि भएकाले आवतजावत झन् कठिन बनेको छ । 'यस पारिका मानिसहरुको खेत उता छ भने उता बस्नेको खेतयता छ,' उनले भने, 'बाढी आउँदा त कोही पनि आउनजान सक्दैनन् । त्यसैले यहाँ पक्की पुल अत्यन्त आवश्यक छ ।'

स्थानीयको सहयोगमा नदीमाथि बाँसको अस्थायी पुल बनाउने काम एक मल्लाह परिवारले गर्दै आएको छ । पुल निर्माणका लागि उनीहरूले झण्डै एक महिना अघि नै बाँस काटेर जम्मा गर्ने र करिब १५ दिन लगाएर पुल तयार गर्ने गर्छन् । तयार भएको पुल कुर्न बासमति मल्लाह दिनभरि घाटमै बस्छिन् । परिवारका तीन जनाले मिलेर पुल बनाएका बासमतीले दिनको कहिले १००, कहिले १५० त कहिले २०० रुपैयाँसम्म आम्दानी हुने गरेको बताउँछिन् । बाटो हिँड्नेले गच्छे अनुसार ५, १० वा २० रुपैयाँसम्म 'मल्लाही' तिर्छन । 'यही घाटको आम्दानीबाट नून–तेल र घरखर्च चल्छ,' बासमतीले भनिन्, 'हामीसँग आफ्नै खेतीपाती छैन । यही घाट हाम्रो मुख्य आम्दानीको स्रोत हो' ।

उनले स्थानीयहरुले नगदमै केही रकम दिए पनि स्थानीयको हकमा भने धान, चामल, गहुँ लगायतको जिन्सी (जिउका) लिने गरेको बताइन् । जिउका बापत चार देखि १० पाथीसम्म प्रति घर अन्न पाउने गरेको उनको भनाइ छ । वरपरका १०–१२ गाउँका करिब एक हजार घरधुरीका मानिस यही बाटो प्रयोग गर्ने भएकाले यहाँ पक्की पुल निर्माण गर्न स्थानीयले वर्षौंदेखि सरकारसँग माग गर्दै आएका छन् । स्थानीयवासीका अनुसार बाँसको पुलले अहिलेसम्म यात्रालाई सम्भव बनाएको भए पनि स्थायी समाधानका लागि अब पक्की पुल निर्माण अपरिहार्य भएको छ । रासस

# नवनिर्वाचित सांसद कानु र शाक्य मानव सेवा आश्रममा



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर–२ र ४ बाट नवनिर्वाचित प्रतिनिधिसभा सदस्य सुशील कुमार कानु र टेकबहादुर शाक्य ले वीरगञ्जस्थित मानव सेवा आश्रम पुगेर त्यहाँ आश्रय लिइरहेका असहाय तथा बेसहारा नागरिकहरूको अवस्थाबारे जानकारी लिएका छन् ।
बिहीबार बिहान सांसद शाक्यसहित आश्रम पुगेका सांसद कानुले आश्रममा बसोबास गरिरहेका ६० भन्दा बढी लक्ष्मीनारायणहरूसँगै बसेर बिहानको भोजन ग्रहण गरेका थिए । सो अवसरमा उनीहरूले आश्रममा आश्रित व्यक्तिहरूसँग प्रत्यक्ष संवाद गर्दै उनीहरूको दैनिक जीवन, आवश्यकता तथा आश्रमले सञ्चालन गर्दै आएका सेवामूलक कार्यक्रमबारे जानकारी लिएको जनाइएको छ ।
कार्यक्रमका क्रममा सांसद शाक्यले समाजका असहाय र बेसहारा नागरिकहरूको संरक्षणमा आश्रमले पु¥याउँदै आएको योगदानको प्रशंसा गर्दै व्यक्तिगत तर्फबाट १ लाख ११ हजार १ सय ११ रुपैयाँ आर्थिक सहयोग गर्ने घोषणा गरेका छन् ।
भेटघाट कार्यक्रममा सुधिर पटेल, दिपक शाक्य, आश्रमका संस्थापक देवेश गुप्ता तथा सामाजिक अभियन्ता प्रकाश थारू लगायतको उपस्थिति रहेको थियो ।
मानव सेवा आश्रम ले सडकपेटी तथा बेसहारा अवस्थामा जीवनयापन गरिरहेका नागरिकहरूको उद्धार गर्दै उनीहरूलाई सुरक्षित आवास, भोजन, उपचार तथा संरक्षण उपलब्ध गराउँदै आएको सामाजिक संस्था हो ।

# यस वर्ष आँपमा राम्रो मञ्जरी उत्पादन बढ्ने अपेक्षा



**सिरहा ।**
सिरहाको धनगढीमाई नगरपालिका—१३, ढुङ्गा टोलका आँपका बगैँचा यतिबेला ढकमक्क मञ्जरीले भरिएका छन् । अघिल्लो वर्षको तुलनामा यस वर्ष आँपका बोटमा प्रशस्त मञ्जरी लागेकाले स्थानीय किसान उत्पादन बढ्ने अपेक्षामा छन् ।
धनगढी जस्तै जिल्लामा करिब पाँच हजार हेक्टर क्षेत्रफलमा आँप खेती भइरहेको छ । अधिकांश बोटमा राम्रो मञ्जरी लागेकाले यस वर्ष उत्पादन बढ्ने अनुमान गरिएको कृषि ज्ञान केन्द्र सिरहाले जनाएको छ ।
कृषि ज्ञान केन्द्र प्रमुख नरेन्द्र महासेठका अनुसार आँप प्रायः एक वर्ष बिराएर फल्ने भएकाले यसवर्ष फल्ने चक्रमा परेकाले बोटमा अत्यधिक मञ्जरी लागेको हो । आँपका बोटमा राम्रो मञ्जरी देखिएको छ । यसवर्ष उत्पादन बढ्ने सङ्केत गरेको छ । मञ्जरी जोगाउन किसानलाई प्राविधिक सहयोग उपलब्ध गराइरहेका छौँ, उनले भने ।
उनका अनुसार मञ्जरी जोगाउन किसानले एक पटक औषधि छरिसकेका छन् भने चिचिला लागेपछि फेरि औषधि छर्ने तयारी गरिरहेका छन् ।
जिल्लाका १७ वटै पालिकाका कृषि शाखासँग समन्वय गरेर किसानलाई आवश्यक प्राविधिक सहयोग प्रदान गरिँदै आएको उनले बताए । सिरहामा पूर्व–पश्चिम राजमार्गको उत्तरतर्फ पर्ने मिर्चैया, गोलबजार, धनगढीमाई र लहान नगरपालिकामा आँप खेती हुने गरेको छ । आँप खेतीबाट राम्रो आम्दानी हुने भएकाले किसान पछिल्लो समय यस तर्फ आकर्षित हुँदै गएका छन् ।
धनगढीमाई नगरपालिका–१३ का किसान रामनारायण यादवले यसवर्ष आँपबाट राम्रो उत्पादन हुने अपेक्षा रहेको बताए । उनले भने, "बगैँचामा यसवर्ष धेरै मञ्जरी लागेको छ । समय–समयमा औषधि छर्ने र बोटको स्याहार–सम्भार गर्ने काम गरिरहेका छौँ । मौसम अनुकूल रहे राम्रो उत्पादन हुने आशा छ ।
अहिलेसम्म वर्षा नभएकाले आँपमा मधुवा रोग नदेखिएको स्थानीय कृषि प्राविधिकले बताएका छन् । यसवर्ष आँप 'ब्रान्डिङ' गरी बाहिरी बजारमा पठाउने तथा बजार व्यवस्थापनका लागि कृषि ज्ञान केन्द्रले तयारी गरिरहेको जनाएको छ । रासस

# ३ सय ६ निर्वाचन प्रहरीलाई विदाई

**मधेशदृष्टि**
**सिमरा ।**
फागुन २१ – प्रतिनिधिसभा निर्वाचनका लागि तालिम लिएका ३ सय ६ जना निर्वाचन प्रहरीलाई इलाका प्रहरी कार्यालय सिमराले बिहीबार प्रमाणपत्र प्रदान गर्दै सम्मानका साथ बिदाइ गरेको छ ।
प्रहरी नायब उपरीक्षक दिलिप क्षेत्रीले निर्वाचन प्रहरीलाई टीका लगाएर प्रमाणपत्र प्रदान गर्दै उनीहरूको शान्ति सुरक्षा कायम राख्ने योगदानको प्रशंसा गरेका थिए ।
बारामा नेपाल प्रहरीतर्फ ३ हजार ६ सय ३८ र सशस्त्र प्रहरीतर्फ ३ सय ९८ जनालाई निर्वाचनमा खटाइयो । सबै निर्वाचन प्रहरीलाई तालिम लिएका स्थानबाटै घर पठाइएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

# उम्मेदवार रुपेश पाण्डेले बुझाए चुनावी खर्च विवरण



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर–३ बाट नेपाल कम्युनिस्ट पार्टी (एमाले) का तर्फबाट प्रतिनिधिसभा सदस्य पदमा प्रतिस्पर्धा गरेका रुपेश कुमार पाण्डेले आफ्नो चुनावी खर्चको विस्तृत विवरण निर्वाचन कार्यालयमा बुझाएका छन् । उनका निर्वाचन प्रतिनिधि विन्ध्यान्चल ठाकुर मार्फत बिहीबार निर्वाचन कार्यालय पर्सामा खर्च विवरण पेश गरिएको हो । पेश गरिएको विवरणअनुसार चुनावी अभियानका क्रममा कुल ११ लाख ७५ हजार २७१ रुपैयाँ ८ पैसा खर्च भएको उल्लेख गरिएको छ ।
खर्च विवरणमा प्रचार–प्रसारका सामग्रीमा सबैभन्दा बढी रकम खर्च भएको देखिएको छ । यस शीर्षकमा मात्रै ४ लाख ९५ हजार २७३ रुपैयाँ खर्च गरिएको उल्लेख छ ।
त्यसैगरी इन्धनका लागि २ लाख रुपैयाँ, सवारी साधन भाडामा १ लाख ९० हजार रुपैयाँ तथा पालिकास्तरीय बैठकका क्रममा नास्ता व्यवस्थापनका लागि १ लाख ३१ हजार ६५० रुपैयाँ खर्च गरिएको विवरणमा जनाइएको छ ।
यसैगरी निर्वाचन परिचालनका लागि सञ्चालन गरिएको सम्पर्क कार्यालयमा ६७ हजार ३४८ रुपैयाँ खर्च भएको छ भने नास्ता तथा चियापानमा ५७ हजार रुपैयाँ खर्च भएको उल्लेख गरिएको छ । खानेपानी व्यवस्थापनका लागि १५ हजार रुपैयाँ तथा मनोनयन दर्ता प्रक्रियामा १० हजार रुपैयाँ खर्च गरिएको पाण्डेयले बुझाएको विवरणमा उल्लेख गरिएको छ ।
गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा भने पाण्डे पराजित भएका थिए । उक्त निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी का उम्मेदवार रामाकान्त चौरसिया विजयी भएका थिए । निर्वाचन आयोगको व्यवस्था अनुसार उम्मेदवारहरूले निर्वाचन सम्पन्न भएपछि निर्धारित समयभित्र आफ्नो चुनावी खर्चको विवरण सम्बन्धित निर्वाचन कार्यालयमा बुझाउनुपर्ने प्रावधान रहेको छ ।

# बारको कार्यालय अगाडि भएको विस्फोटप्रति चिन्ता

**मधेशदृष्टि**
**सिरहा ।**
नेपाल बार एसोसिएसनले सिरहा जिल्ला अदालत अगाडि रहेको बारको कार्यालय र अधिवक्ता मधुसुदन यादवको ल फर्ममा भएको विस्फोटको घटनाप्रति गम्भीर चिन्ता र चासो व्यक्त गरेको छ । बुधबार दिउँसो करिब ४ः०० बजे भएको उक्त विस्फोटमा बारको कार्यालयमा क्षति पुग्नुका साथै कर्मचारी सौरभ यादव घाइते भएका छन् ।
एसोसिएसनले घाइते यादवको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै यस किसिमको आपराधिक घटनाको तत्काल निष्पक्ष छानबिन गर्न माग गरेको छ । साथै, दोषीलाई कानुन बमोजिम कडा कारबाही गर्न र पीडितलाई उचित क्षतिपूर्तिको व्यवस्था मिलाउन नेपाल सरकारसमक्ष जोडदार माग गरिएको छ ।

# कारागारबाट भागेका एक सय कैदी अझै फर्किएनन्

**चितवन ।**
जिल्ला कारागार कार्यालय चितवनबाट भागेका कैदीबन्दीमध्ये एक सय जना अझै फर्किएका छैनन् । ती मध्ये ११ जना भारतीय नागरिक छन् ।यस कारागारबाट भदौ २४ गते चार जना नाबालकसहित ७४३ जना कैदीबन्दी भागेका थिए । ती मध्ये ६४३ जना फर्किसकेका छन् । कतिपय आफैँ फर्किएका हुन् भने केहीलाई प्रहरीले पक्राउ गरी ल्याएको हो । कार्यालय प्रमुख रवीन्द्रप्रसाद ढुङ्गानाका अनुसार गम्भीर प्रकृतिका कैदीबन्दीसमेत फरार हुँदा समुदायमा आपाराधिक घटना हुनसक्ने चिन्ता छ ।कारागार कार्यालयले गत असोज २० गतेसम्म कारागार कार्यालयको सम्पर्कमा आउनका लागि आग्रह गरेको थियो । कारागारले तोकेको समयसम्म सम्पर्कमा नआएमा कारागार ऐन २०७९ र प्रचलित कानुन अनुसार कारबाही गरिने जनाएको थियो । फरार कैदीबन्दीलाई लुकाउने, आश्रय दिने गरेको पाइएमा आश्रय दिने व्यक्तिलाईसमेत कसुरदार ठानी कारबाही गरिने छ ।हाल कारागारमा ३८ जना महिलासहित ६८५ जना कैदीबन्दी छन् । रासस

# निलगाईका कारण सास्ती

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको मध्य तथा दक्षिणी क्षेत्रमा पर्ने बौधिमाई र मौलापुर नगरपालिकाका किसानहरू यतिबेला जङ्गली जनावर 'निलगाई'का कारण निकै सास्ती खेपिरहेका छन् । केही समययता यस क्षेत्रमा नीलगाईको संख्या र सक्रियता बढेसँगै किसानले लगाएको नगदे तथा खाद्यान्न बालीमा ठुलो क्षति पुगेको छ ।
स्थानीय किसानका अनुसार नीलगाईको बथान नै खेतमा पसेर गहुँ, मुसुरो, तोरी र मौसमी तरकारी बाली नष्ट गरिरहेका छन् ।

# १ सय वर्षीय वृद्ध बेपत्ता

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगर पालिका वडा नं १६ नगवाबाट एकजना १०० बर्षिय बृद्ध बेपत्ता भएका छन् । भारत मोतिहारी थाना स्थित आदापुरमा निवासी सय बर्षिय राम चन्द्र साह विगत ६ महिना देखि वीरगंज नगवा स्थित छोरीको घरमा बस्दै आएका थिए ।
उनी यही फागुन २६ गते मंगलवार विहान ९ बजे देखि घरबाटै बेपत्ता भएको उनका भतिज विन नारायण साहले जानकारी गराएका छन् । आफन्त, छिमेकी तथा सम्भावित क्षेत्रहरू खोजतलास गर्दा पनि फेला नपरेपछि प्रहरीमा समेत जानकारी गराएको बृद्धकी छोरी मिना देवी साहले बताइन् ।
उमेर अनुसार केही सुस्त मनस्थिती जस्तो अवस्थमा रहनु भएका बृद्ध रामचन्द्र साहलाई जुनसुकै पनि अवस्थमा कहीं कसैले फेला पार्नु भएमा नजिकको प्रहरी वा मोवाइल नं. ९८०७६४५९८ मा खबर गरि उद्धारमा सहयोग गरिदिन परिवारजनले अनुरोध गरेका छन् ।

# निःशुल्क निवेदन लेख्ने व्यवस्था बन्द

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका प्रहरी युनिटहरूले गरिब तथा विपन्न नागरिकका लागि सञ्चालनमा ल्याइएको निःशुल्क निवेदन लेख्ने व्यवस्था बन्द भएको छ ।
तत्कालीन प्रहरी प्रमुख दिलिप घिमिरेको निर्देशनमा गरिब तथा विपन्न नागरिकलाई लक्षित गर्दै ठाडो निवेदन (उजुरी) निःशुल्क लेखिदिने व्यवस्था सुरु गरिएको थियो ।
सोही आधारमा जिल्लाका सबै प्रहरी कार्यालयमा पीडितलाई निःशुल्क रूपमा निवेदन लेखिदिने तथा आवश्यक फाराम उपलब्ध गराउने व्यवस्था गरिएको थियो । प्रहरीले निःशुल्क रूपमा निवेदन लेख्न थालेपछि जिल्लाका विभिन्न थाना–चौकी आसपास सञ्चालनमा रहेका दर्जनौँ लेखनदासका पसलसमेत बन्द भएका थिए । प्रहरीको उक्त पहललाई जिल्लावासीले सकारात्मक रूपमा लिएका थिए ।

# गाडिएको अवस्थामा मोटरसाइकल फेला

**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीमा गाडिएको अवस्थामा मोटरसाइकल फेला परेको छ । जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार सोनमा गाउँपालिका–६ मगरथानामा जमिनमा पुरिएको अवस्थामा एउटा मोटरसाइकल फेला परेको हो । स्थानीयवासीले शङ्कास्पद रूपमा जमिनमा गाडिएको मोटरसाइकल देखेपछि प्रहरीलाई खबर गरेका थिए ।
सूचना पाएपछि पुगेको प्रहरी टोलीले खाल्डोबाट मोटरसाइकल निकालेर नियन्त्रणमा लिएको छ । फेला परेको मोटरसाइकल नेपाली नम्बर ज ८ प ९९७ को सुपर स्प्लेन्डर रहेको प्रहरीले जनाएको छ । उक्त मोटरसाइकल हाल प्रहरी चौकी मगरथानामा राखिएको छ । प्रहरीका अनुसार मोटरसाइकल कसले र किन जमिनमा गाडेर लुकाएको भन्ने विषयमा अनुसन्धान सुरु गरिएको छ ।
मोटरसाइकलको वास्तविक मालिक तथा घटनाको कारण पत्ता लगाउने प्रयास भइरहेको प्रहरीले जनाएको छ ।

# भ्रष्टाचार मुद्दामा प्रप्रअ सहित ५ जना दोषी ठहर

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
विशेष अदालतले धनुषाको हंसपुर नगरपालिकामा सडक निर्माण योजनामा भएको भ्रष्टाचार प्रकरणमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत, लेखापाल र इन्जिनियरसहित पाँच जनालाई दोषी ठहर गरेको छ । अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट तथा सदस्य हेमन्त रावल र डिल्लीरत्न श्रेष्ठको इजलासले उक्त फैसला सुनाएको हो ।
फैसलाअनुसार इन्जिनियर दिनेश कुमार मण्डल र सबइन्जिनियर विनोद मण्डललाई गलत प्रतिवेदन पेस गरेको ठहर गर्दै जनही तीन महिना कैद र १० हजार रुपैयाँ जरिवाना गरिएको छ । यस्तै तत्कालीन प्रमुख प्रशासकीय अधिकृत राम लोचन मण्डल, लेखापाल नेत्र लुङ्गेली तथा निर्माण व्यवसायी शुभचन्द्र मण्डललाई चार महिना कैद सजाय सुनाइएको छ । अदालतले वास्तविक कामभन्दा बढी नापी–मूल्याङ्कन गरी भुक्तानी गरिएको सात लाख ८१ हजार ८१८ रुपैयाँ ती तीन जनाबाट दामाशाहीका आधारमा असुल गर्न तथा सो रकममा चार प्रतिशत क्षतिपूर्ति शुल्कसमेत तिर्न आदेश दिएको छ ।

सम्पादकीय

# बहुमत प्राप्त रास्वपासँग अपेक्षा र गन्तव्य

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले हालै सम्पन्न निर्वाचनमा अप्रत्याशित सफलता हासिल गर्दै दुई तिहाइको नजिक आफ्नो सिट संख्या पुर्‍याएको छ। यो विजयले नेपाली राजनीतिमा नयाँ आयाम थपेको छ र परम्परागत राजनीतिक दलहरूलाई गम्भीर चुनौती दिएको छ । युवा र नयाँ पुस्ताको प्रतिनिधित्व गर्दै उदाएको रास्वपाले सुशासन, भ्रष्टाचारमुक्त समाज र विकासको एजेन्डालाई प्राथमिकतामा राखेको देखिन्छ। यसले गर्दा आम नागरिकमा राज्य अब सही बाटोमा हिँड्नेछ भन्ने आशा पलाएको छ।

रास्वपाको उदय केवल सिट संख्यामा मात्र सीमित छैन, यसले नेपाली मतदाताको मनोविज्ञानमा आएको परिवर्तनलाई पनि संकेत गर्दछ। दशकौँदेखि स्थापित दलहरूको कार्यशैलीबाट दिक्क भएका जनताले वैकल्पिक शक्तिको खोजी गरिरहेका थिए। रास्वपाले यही जनचाहनालाई सम्बोधन गर्न सफल भएको छ। विशेषगरी, सामाजिक सञ्जालको प्रभावकारी प्रयोग र प्रत्यक्ष जनसम्पर्कले पार्टीलाई छोटो समयमै राष्ट्रव्यापी पहिचान दिलाउन मद्दत गर्‍यो। यसले परम्परागत प्रचार शैलीभन्दा फरक तरिकाले पनि सफलता प्राप्त गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरेको छ।

नयाँ सरकार गठनको प्रक्रियामा रास्वपाको भूमिका महत्वपूर्ण हुने निश्चित छ। बहुमतको नजिक पुगेको यस पार्टीले सरकार निर्माणमा निर्णायक शक्ति बन्ने अवसर पाएको छ। यस्तो अवस्थामा रास्वपाले आफ्ना चुनावी प्रतिबद्धताहरूलाई कसरी कार्यान्वयन गर्छ भन्ने कुरामा सबैको ध्यान केन्द्रित भएको छ। विशेषगरी, भ्रष्टाचार नियन्त्रण, सुशासनको प्रत्याभूति र आर्थिक समृद्धिका लागि ठोस योजनाहरू ल्याउनु यस पार्टीका लागि ठूलो चुनौती र अवसर दुवै हो। जनताले रास्वपाबाट केवल नारा होइन, परिणाममुखी कामको अपेक्षा गरेका छन्।

राज्यलाई सही बाटोमा हिँडाउनका लागि रास्वपाले केही महत्वपूर्ण पक्षमा ध्यान दिनुपर्ने देखिन्छ। पहिलो, स्थापित दलहरूसँगको सहकार्य र समन्वय। राजनीतिक स्थिरताका लागि सबै दलबीचको समझदारी अपरिहार्य हुन्छ। दोस्रो, जनअपेक्षा अनुसारको कार्यसम्पादन। जनताले दिएको विश्वासलाई कायम राख्न पार्टीले पारदर्शी र जवाफदेही भएर काम गर्नुपर्छ। तेस्रो, संस्थागत सुदृढीकरण। पार्टीलाई केवल चुनावी शक्तिमा मात्र सीमित नराखी दीर्घकालीन रूपमा सशक्त बनाउन आन्तरिक लोकतन्त्र र संगठन विस्तारमा ध्यान दिनु आवश्यक छ।

अन्ततः, रास्वपाको यो विजयले नेपाली राजनीतिमा एउटा नयाँ अध्यायको सुरुवात गरेको छ। राज्यलाई सही बाटोमा हिँडाउनका लागि यो एउटा स्वर्णिम अवसर हो।

यदि रास्वपाले जनअपेक्षा अनुसार काम गर्न सक्यो र आफ्ना प्रतिबद्धताहरूलाई व्यवहारमा उतार्न सफल भयो भने यसले नेपालको राजनीतिक परिदृश्यमा सकारात्मक र दूरगामी प्रभाव पार्नेछ। तर, चुनौतीहरू पनि कम छैनन्। अबको यात्रामा रास्वपाले कस्तो भूमिका खेल्छ र राज्यलाई कुन दिशामा डोर्‍याउँछ, त्यो हेर्न बाँकी नै छ।


## 'पहिलो आमनिर्वाचन २०१५'

# पहिलो निर्वाचनको अभिलेखीकरण

प्रकाश सिलवाल/रासस

'इतिहास केवल अतितको कथा होइन, वर्तमानलाई बुझ्ने मार्ग पनि हो', भारत स्वतन्त्र भएपछिका तत्कालीन प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरुले भने झैँ इतिहासका घटनाहरुले वर्तमानलाई बुझाउन मद्दत गर्छ । इतिहासबाट पाठ सिकेर भविष्यको गोरेटो कोर्नुपर्छ पनि भनिन्छ तर इतिहासको विरासतले मात्रै वर्तमान र भविष्य चल्न सक्दैन पनि भनिन्छ।

मुलुकमा प्रतिनिधिसभाको निर्वाचन (फागुन २१) कै बीच प्रकाशनमा आएको लेखक–पत्रकार विराट अनुपमद्वारा लिखित 'पहिलो आमनिर्वाचन २०१५' ले नेपालको निर्वाचन र लोकतान्त्रिक पद्धतिको इतिहासलाई पुनःस्मरण गराएको छ। पहिलो आम निर्वाचनमा दुई तिहाइको जनमत प्राप्त गरेको नेपाली कांग्रेस पछिल्लो निर्वाचनबाट निकैपछि परेको सन्दर्भले पनि पुस्तकलाई समयसापेक्ष बनाएको छ।




इतिहासका घटना सम्झन नसक्नेले दुःखद् घटनालाई दोहोर्‍याउन बाध्य हुन्छ भन्ने भनाइलाई पनि निर्वाचन प्रणालीका उतारचढावले प्रदर्शन गर्दै नआएका होइनन्। यस पुस्तकले नेपाली निर्वाचन इतिहासको सोही ऐतिहासिक घटनालाई केन्द्रमा राखेर 'पहिलो आम निर्वाचन २०१५' लाई अभिलेखीकरण गरेको छ। नेपालमा २०१५ साल फागुन ७ गते पहिलो आम निर्वाचन भएको मितिलाई आधार मानेर हरेक फागुन ७ लाई निर्वाचन आयोगले निर्वाचन दिवसका रुपमा मनाउँदै पनि आएको छ । संयोग, त्यही दिन मुलुकको आधिकारिक समाचार समिति (रासस) को पनि स्थापना दिवस हो।

नेपालको पहिलो आम निर्वाचनमा नेपाली कांग्रेसको 'रुख', नेपाल राष्ट्रवादी गोर्खा परिषद्को झुपडी (घर), संयुक्त प्रजातन्त्र पार्टीको 'धानको बाला', नेपाल कम्युनिष्ट पार्टीको 'मकैका तीन घोगा र हँसिया', नेपाल प्रजा परिषद् (टङ्कप्रसाद आचार्य समूह) को 'धन कोदालो', नेपाल प्रजा परिषद् (भद्रकाली मिश्र समूह) को 'हलो', नेपाली राष्ट्रिय कांग्रेसको 'छाता', तराई कांग्रेसको 'टाउकोमा गहुँको बिटा बोक्ने कृषक', प्रजातान्त्रिक महासभाको 'हात' निर्वाचन चिन्ह रहेको थियो । स्वतन्त्र उम्मेदवार विभिन्न निर्वाचन चिन्हमा लडेका थिए।

देशभरका १०९ क्षेत्रमा भएको उक्त निर्वाचनमा उम्मेदवारको धरौटी २५० रुपैयाँ र खर्चसीमा पाँच हजार रुपैयाँ रहेको रोचक तथ्यहरु पनि पुस्तकमा रहेका छन् । त्यस निर्वाचनमा १०९ स्थानका लागि ७८६ उम्मेदवार रहेकामा नेपाली कांग्रेसले ७४ स्थानमा विजय हासिल गरेको थियो । दुई तिहाइ मत ल्याएसँगै सो दलबाट बिपी कोइराला प्रधानमन्त्री बन्नुभएको थियो । आफूले सोचे भन्दा बढी मत कांग्रेसले पाएपछि तत्कालीन राजा महेन्द्र र कांग्रेस तथा प्रधानमन्त्री कोइरालाबीच दूरी बढेको सन्दर्भ पुस्तमा रहेको छ। त्यही दूरी बढेको घटनाक्रमले २०१७ पुस १ गते राजाले प्रधानमन्त्रीलाई अपदस्थ र संसद् विघटन गरी तीस वर्षसम्म पञ्चायती शासन चलाएको इतिहास ताजै छ।

जेनजी आन्दोलनपछि विशेष परिस्थितिमा भएको प्रतिनिधिसभा निर्वाचनको परिणाम कतिपयलाई रोचक लागिरहेका बेला प्रकाशित पुस्तकले नेपालको पहिलो संसदीय निर्वाचनको पृष्ठभूमि, प्रक्रिया, राजनीतिक वातावरण तथा परिणामलाई तथ्यगत, खोजपरक र विश्लेषणात्मक ढङ्गले प्रस्तुत गरेको छ।पुस्तकमा २००७ सालको प्रजातान्त्रिक आन्दोलनपछि विकसित राजनीतिक परिस्थिति, तत्कालीन राजतन्त्र र दलहरुको अन्तरसङ्घर्ष, प्रजातन्त्रको सवलीकरणका लागि दलहरूको सक्रियता, ती दलहरुभित्रका विवाद र गुट–उपगुट आदिलाई चर्चा गरिएको छ । नेपालको लोकतान्त्रिक प्रणाली, राजाको निरकुङ्शता र संवैधानिक विकासक्रमलाई विस्तृतरूपमा व्याख्या गरिएको पुस्तक राजनीति शास्त्रका जिज्ञाशुहरुका लागि गहकिलो खुराक भएको छ।

मुलुकमा २००७ सालमा प्रजातन्त्र आए पनि किन २०१५ सालमा मात्रै संसदीय निर्वाचन हुन पुग्यो र त्यो निर्वाचन हुन कसरी सम्भव भयो,भन्ने ऐतिहासिक सन्दर्भलाई बुझ्न पुस्तकले सघाएको छ । अन्तरराष्ट्रिय मामिलाका पनि अध्येता अनुपमकृत पुस्तकमा त्यसबेलाको निर्वाचन व्यवस्थापन, दलहरूको चुनावी रणनीति, निर्वाचन घोषणापत्र, मतदाताको सहभागिता तथा निर्वाचन परिणामलाई विभिन्न स्रोत र तथ्याङ्कका आधारमा प्रस्तुत गरेका छन् । त्यसबेलाका दल र उम्मेदवार, निर्वाचन चिन्ह, निर्वाचन क्षेत्र र निर्वाचन गराउने अधिकृतहरु, प्राप्त मत परिणाम पनि समावेश गरिएको छ। यसअघि निर्वाचन आयोगबाट नेपालको निर्वाचन इतिहासका श्रृङ्खलाबद्ध पुस्तक प्रकाशन भए पनि राजनीतिक स्थिति र विवेचनासहितको यस प्रकारको पुस्तक भने बजारमा उपलब्ध थिएन।

निर्वाचनसम्बन्धी ऐतिहासिक दस्तावेज, तथ्याङ्क र अभिलेखको प्रयोग विवरणात्मक नभइ विश्लेषण र विवेचनात्मकरुपमा प्रस्तुत गरिएको छ । नेपालमा लोकतान्त्रिक अभ्यासको प्रारम्भिक चरण बुझ्न चाहने पाठक, अनुसन्धानकर्ता तथा विद्यार्थीका लागि यो पुस्तक उपयोगी स्रोत बन्न सक्छ ।लेखक अनुपम पत्रकारितमै सक्रिय रहेकाले पुस्तकको भाषाशैली सरल र सुस्पष्ट देखिन्छ । इतिहासका विषय पढ्न निरस लाग्ने भए पनि लेखकको विवरण केलाउने र रोचक बनाउने शैलीले पुस्तक पढ्दा पाठकलाई अल्छी लाग्दैन।

नेपालको संसदीय इतिहासमा महत्वपूर्ण मानिने यस प्रकाशनले २०१५ सालअघि र पछिका राजनीति घटनाक्रमलाई पनि मूल्याङ्कन गर्न प्रेरित गरेको मान्न सकिन्छ। पछिल्लो समयमा अहिलेको युवा पुस्ताको राजनीतिक सहभागिता र उनीहरुको अपेक्षा एवं चाहनालाई राज्यका नीति निर्माण तथा सेवा प्रवाह (सुशासन) मा प्रकट हुनुपर्ने सन्दर्भ जोडतोडका साथ उठिरहेका बेला नेपालको पहिलो आम निर्वाचनताका पनि फरक शब्दावलीमा ती विषय उठेकै रहेछन् भन्ने देखिन्छ । नयाँ पुस्तकले मुलुकको राजनीति र लोकतान्त्रिक अभ्यासबारे चासो दिनु आफैमा प्रणालीका लागि सकारात्मक पक्ष हो।

यस पक्षलाई मनन् गर्न सघाउन पुस्तक उपयोगी हुने देखिन्छ। पहिलो आम निर्वाचन भएका बेला मुलुकमा यातायात र सञ्चारलगायत साधनको अपर्याप्तताका कारण चरणबद्धरुपमा निर्वाचन भएको र निर्वाचनको परिणाम आइपुग्दासम्म ८० दिन लागेका विवरण पुस्तकमा समोटिएको छ।

'बुक हिल' प्रकाशनद्वारा प्रकाशित पुस्तकमा अधिकांशः त्यस समयमा उपलब्ध अखिलेख र तथ्याङ्क तथा विवेच्य पक्षहरु समावेश भए पनि 'तथ्याङ्कीय टेबुलेसन', त्यसबेलाका तस्बिर भने समेटिएको छैन । यस्तै त्यसबेला अस्तित्वमा रहेका दलहरु र तिनका धारहरु अहिलेका कुन दल र पक्षसँग गाभिए वा कसरी बिलाएर गए भन्ने पक्षको पनि विशलेषण गरिएको भए सुनमा सुगन्ध हुने थियो । समग्रमा नेपालको निर्वाचन इतिहास लोकतान्त्रिक उतारचढावलाई मिहीन रुपमा अध्ययन र विश्लेषण गर्न पुस्तक सामयिक देखिन्छ।

# रास्वपाको सरकार बन्दा मन्त्री कसले छान्छ, मन्त्रिपरिषद् कत्रो हुन्छ ?

गनी अन्सारी




समानुपातिक निर्वाचन प्रणालीतर्फको पनि मतगणना सकिएसँगै धेरैको ध्यान नयाँ सरकार कहिलेसम्म बन्छ भन्नेतर्फ मोडिएको देखिन्छ।

प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीतर्फ गरी दुईतिहाइ बहुमतनजिकै पुगेको राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरूले वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)को नेतृत्वमा नयाँ सरकार बन्ने बताएका छन्। निर्वाचनमा सहभागी हुँदा पार्टीले उनलाई भावी प्रधानमन्त्रीका रूपमा अघि सारेको थियो।

रास्वपाका एक नेताले समानुपातिक सांसदहरूको टुङ्गो लागेसँगै सरकार गठनको विषयमा आफूहरूले छलफल अगाडि बढाउने बीबीसीलाई बताए।

निर्वाचन आयोगले समानुपातिकतर्फका सांसद छान्न दलहरूलाई चाँडै चिठी पठाउने आयुक्त सगुन शम्शेर जबराले बीबीसीलाई बताए । 'सकेसम्म आजै पत्र पठाउने हाम्रो प्रयास छ,' बीबीसी न्यूज नेपालीसँग उनले भने।

समानुपातिक सांसद छान्नका निम्ति दुई दिनको समय दिन सकिने भन्दै जबराले चैत्र ५ गतेभित्र अन्तिम निर्वाचन प्रतिवेदन राष्ट्रपतिलाई बुझाउने योजना रहेको जनाए।

### सरकार कहिले बन्छ ?

राजनीतिक दलहरूले समानुपातिक निर्वाचन प्रणालीतर्फ पाएका मतका आधारमा बिहीवारसम्म सीट बाँडफाँट गरिने आयोगका अधिकारीले बताएका छन्।

तीन प्रतिशत 'थ्रेसहोल्ड' कटाएका रास्वपा, नेपाली कांग्रेस, नेकपा एमाले, नेपाल कम्युनिस्ट पार्टी, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले समानुपातिक सीट पाउने छन्।

समानुपातिक सांसद छान्न आयोगले चिठी पठाएपछि सरकार गठनबारे छलफल थालिने रास्वपाका नेताले बताएका छन्।

'दुई–तीन दिन त्यसमा लाग्ला। सांसद कोको बन्ने छन् त्यस आधारमा बल्ल सरकार गठनबारे कुरा अगाडि बढ्छ,' बीबीसी न्यूज नेपालीसँग खनालले भने।

'अत्यन्त प्रारम्भिक र अनौपचारिक संवाद भएको छ। पार्टीभित्र एक–दुई दिनभित्र औपचारिक छलफल सुरु हुन्छ,' उनले भने।

### कसले मन्त्री छान्छन् ?

वरिष्ठ नेता बालेनलाई प्रधानमन्त्री बनाउने भनेको रास्वपाले मन्त्री छान्नेसहितका विषयमा औपचारिक रूपमा अहिलेसम्म केही बोलेको छैन।

बालेन सरकारका मन्त्रिपरिषद्मा कोको समेटिन्छन् र उनीहरूलाई कसले छान्छन् भन्नेबारे चासो बढेको छ।

रास्वपाका केन्द्रीय सदस्य एवं भूतपूर्व शिक्षामन्त्री शिशिर खनाल मन्त्री चयनमा पार्टी सभापति रवि लामिछाने र वरिष्ठ नेता शाहकै भूमिका रहने बताउँछन्।

'पहिलाको अभ्यासमा हामीले पार्टी सभापतिलाई मन्त्री छान्ने जिम्मेवारी दिने गर्थ्यौँ। मलाई लाग्छ यस पटक दुई जनाको भूमिका महत्त्वपूर्ण हुन्छ,' बीबीसी न्यूज नेपालीसँग उनले भने।

केही दिनअघि रास्वपा नेता तथा भूतपूर्व सांसद असिम शाहले वरिष्ठ नेता बालेन शाह आफैँले मन्त्री छान्ने जानकारी दिँदै मन्त्री पदका लागि 'दौडधुप नगर्न' भन्दै सामाजिक सञ्जालमा लेखेका थिए।

'मन्त्री बन्न दौडधुप गर्ने, भनसुन गर्ने, मिडिया ट्रायल गर्ने वा प्रचार गर्ने आवश्यक छैन, केही नगरे पनि हुन्छ। जब बालेन शाह प्रधानमन्त्रीका रूपमा नियुक्त हुनुहुन्छ, उहाँले आफ्नो क्याबिनेटको टीम आफैँ छनोट गरेर बनाउनुहुने छ। उहाँलाई सबै सांसदहरूको योग्यता र क्षमताबारे राम्रो जानकारी छ,' फेसबुकमा उनले लेखेका छन्।

### मन्त्रीमा विज्ञ कि सांसद ?

गैरसांसद विज्ञलाई कि सांसदलाई मन्त्री बनाउनुपर्छ भन्नेबारे अहिले बहस सुरु भएको छ।

कार्यकारी प्रत्यक्ष प्रधानमन्त्रीसँगै संसद्बाहिरका विज्ञहरूलाई मन्त्री बनाउने रास्वपाले परिकल्पना गरेको नेता खनाल बताउँछन्।

तर अहिलेको संवैधानिक व्यवस्थाअनुसार सङ्घीय संसद्बाहिरबाट छ महिनाका लागि मात्रै कुनै विज्ञलाई मन्त्री बनाउन सकिन्छ।

'छ महिनापछि निरन्तरता दिनका लागि त फेरि उहाँहरूलाई सांसद बनाउनुपर्‍यो । हामीसँग छ महिनाभित्रै सांसद बनाउने विकल्प खासै छैन,' खनालले भने।

'निर्वाचन भर्खरै सक्यो। राष्ट्रिय सभामा अहिले एउटा पद मात्र खाली छ । त्यस अर्थमा संविधान संशोधनबिना त्यो विषय कार्यान्वयनको सम्भावना म न्यून देख्छु।'

यसअघि वाचा गरिएअनुसार सानो आकारको मन्त्रिपरिषद् बनाउने सोच रहेको रास्वपाका नेताहरूले बताएका छन्।

'हाम्रो वाचापत्रमा नै १८ जनाको कुरा छ। पहिलो मन्त्रिपरिषद् चाहिँ १५ को हाराहारीमा हुन सक्ने सम्भावना म बढी देख्छु,' खनालले भने।

'ठूलोभन्दा पनि सानो आकारको स्पष्ट ढङ्गले सुशासन, पारदर्शिता र मितव्ययिताको सन्देश दिने गरेर पहिलो क्याबिनेट बन्छ,' उनले अगाडि थपे।

खनालका अनुसार विगतको अभ्यास हेर्दा रास्वपाले सरकारलाई आवश्यक सरसल्लाह दिन पार्टीको एउटा समिति पनि गठन गर्न सक्छ।

'दोस्रो पटक हामी सरकारमा जाँदा पार्टी र सरकारबीच समन्वय गर्नका लागि मेरै संयोजकत्वमा एउटा समिति बनेको थियो । त्यसैले संसद्, सरकार र पार्टीबीच समन्वयका लागि एउटा समिति बन्न सक्ने सम्भावना म देख्छु। तर औपचारिक निर्णय भएको छैन। मैले विगतको अनुभवका आधारमा भनेको हुँ,' उनले थपे।

### प्रदेशबारे के हुन्छ ?

रास्वपाले दुईतिहाइभन्दा केही कम सीट जितेपछि प्रदेश संरचनाबारे उसले के गर्छ भन्नेबारे कतिपयमा जिज्ञासा रहेको पाइन्छ।

तर खनाल संविधान संशोधनबिना प्रदेश संरचना सम्बन्धमा केही गर्न सकिने सम्भवना देख्दैनन्।

'वाचापत्रमा पनि रास्वपाले के भनेको छ भने संविधान संशोधनसँग सम्बन्धित विषयहरूका लागि 'डिस्कशन पेपर' तयार गर्नका लागि एउटा कमिटी बन्छ र त्यसले छलफलहरू चलाउँछ,' उनले स्पष्ट पारे।

'संविधान संशोधनजस्तो गम्भीर विषय राष्ट्रिय सहमतिमार्फत् गर्नुपर्ने भएकोले हाम्रो पहिलो चरणको ध्येय संविधान संशोधन पेपर तयार पार्ने भन्ने हुन्छ।'

नेपालमा एकथरीले प्रदेश संरचना आवश्यक नरहेको तर्क गर्ने गरेका छन् भने अर्काथरीले भएका संरचनामा सुधार गर्दै बलियो बनाउनुपर्ने बताउने गरेका छन्।

संविधानमा कुनै प्रकारको संशोधनका लागि सङ्घीय संसद्को दुवै सदनको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुईतिहाइ बहुमत आवश्यक पर्ने व्यवस्था छ।

# प्रतिनिधिसभामा सीमान्तकृतको कमजोर प्रतिनिधित्व



**काठमाडौँ ।**
प्रतिनिधिसभा सदस्यको निर्वाचनसँगै प्रत्यक्ष र समानुपातिकतर्फको नतिजा सार्वजनिक भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी पहिलो, नेपाली कांग्रेस दोस्रो, नेकपा (एमाले) तेस्रो र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) चौथो पार्टी बनेको छ ।

यस पटक सीमान्तृकत समुदायको उपस्थिति कमजोर देखिएको छ । प्रत्यक्षतर्फ १६५ मध्ये जम्मा १४ जना (८.४८ प्रतिशत) छ । आदिवासी जनजाति २६ (१५.७६ प्रतिशत), मधेसी २८ (१६.९७ प्रतिशत), थारू पाँच (३.३ प्रतिशत), मुस्लिम चार (२.४२ प्रतिशत) र दलित एक जना (०.६१ प्रतिशत) छन् ।
सीमान्तकृतभित्र पनि १३.४ प्रतिशत जनसंख्या भएको दलित समुदायको प्रतिनिधित्व झन् कमजोर देखिन्छ । समानुपातिकमा दलहरूले पाएको मत हेर्दा दलित क्लष्टरमा रास्वपाबाट सात महिला, दुई पुरुष गरी नौ जना, कांग्रेसबाट दुई महिला, एक पुरुष, एमालेबाट एक दलित महिला, नेकपाबाट एक दलित महिला गरी १४ जना आउने देखिन्छ । यो भनेको बढीमा पाँच प्रतिशत हो ।
अन्तरिम व्यवस्थापिका–२०६३ मा भने १८ (५.४७) जना दलितको सहभागिता थियो । विसं २०६४ को संविधानसभामा यो सङ्ख्या बढेर ५० (८.३२) पुग्यो । त्यसैगरी, २०७२ सालको संविधानसभामा ४० (६.६५), प्रतिनिधिसभा २०७४ सालमा २० (७.२७) र प्रतिनिधिसभा २०७९ मा १६ (५.८१) जना दलितको सहभागिता थियो । यो तथ्य हेर्दा प्रतिनिधिसभामा दलित समुदायको प्रतिनिधित्व घट्ने पक्का छ ।
वि सं २०७२ को नयाँ संविधानको प्रस्तावनामा नै भनिएको 'समानुपातिक समावेशी र सहभागिता सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने' विषयले पनि व्यावहारिक पूर्णता पाउन सकेन । यस पटकको निर्वाचनमा नेपाली कांग्रेसले बझाङबाट सहमहामन्त्री प्रकाश रसाइली स्नेहीलाई मात्रै उम्मेदवार बनाएको थियो । एमाले डडेल्धुरामा चक्र स्नेहीलाई र बर्दिया–२ बाट बाट विमला विकलाई उम्मेदवार बनाएको थियो ।
त्यसैगरी, नेपाली कम्युनिष्ट पार्टीले स्याङ्जा–२ बाट पदम विश्वकर्मा र कञ्चनपुर–३ बाट मानबहादुर सुनारलाई मात्रै टिकट दिएको थियो । राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपा बाँके–३ बाट खगेन्द्र सुनारलाई टिकट दिएको थियो । उनीहरूमध्ये खगेन्द्र सुनार मात्रै विजयी भए ।
नेपालको संविधान २०७२ ले पहिलोपटक दलित समुदायको सहभागिताको कुरा गरेको छ । संविधानको धारा ४० ले 'राज्यका सबै निकायमा दलितलाई समानुपातिक सामावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुने व्यवस्था गरेको छ । तर, यसको व्यावहारिक कार्यान्वन भएको देखिँदैन ।
दलित अधिकारकर्मी पदम सुन्दास भन्छन्, दलित सुमदायको प्रतिनिधित्व सुनिश्चित गर्न महिलाको ३३ प्रतिशत जस्तै दलितका लागि यसको जनसङ्ख्याका आधारमा संवैधानिक र कानुनी व्यवस्था हुनुपर्छ । रासस

# शान्तिसैनिकको सुरक्षामा नेपालको जोड



**काठमाडौँ ।**
पश्चिम एसियामा जारी तनावप्रति चिन्ता व्यक्त गर्दै सरकारले शान्तिसैनिकको सुरक्षामा जोड दिएको छ । न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगका अनुसार लेबनानमा कार्यरत संयुक्त राष्ट्रसङ्घीय अन्तरिम फौजको सुरक्षा सुनिश्चित हुनुपर्नेमा नेपालले जोड दिएको हो ।
हालै दक्षिणी लेवनानमा भएको आक्रमण तीन जना शान्ति सैनिक घाइते भएको घटनालाई लिएर राष्ट्रसङ्घका सदस्य मुलुकसँगै नेपालले उनीहरूप्रति द्दढ समर्थन जनाउँदै सुरक्षामा जोड दिएको हो ।
नेपालले शान्तिसैनिक कहिल्यै आक्रमणको लक्ष्य हुनु हुँदैन भनेको छ । साथै सरकारले संयुक्त राष्ट्रका कर्मचारीहरूविरुद्ध भएका आक्रमणहरूको कडा निन्दा गरेको छ भने घाइतेहरूको शीघ्र एवं पूर्ण स्वास्थ्य लाभको कामना गरेको छ ।
नेपालसहित विश्वसमुदायले सम्बद्ध सबै पक्षलाई अधिकतम संयमित हुन, अन्तर्राष्ट्रिय कानुनको सम्मान गर्न तथा सम्बन्धित सुरक्षा परिषद् प्रस्तावनाहरूको पूर्ण रूपमा कार्यान्वयन गर्न आह्वान पनि गरेको छ । रासस

# जनताप्रतिको सेवाभावमा कमी हुँदैनः अध्यक्ष ओली



**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले निर्वाचनको परिणाम आफ्नो पक्षमा नआए पनि जनताप्रतिको प्रतिबद्धता र सेवाभावमा कमी नहुने बताएका छन् ।
प्रतिनिधिसभा सदस्य निर्वाचनको अन्तिम मतपरिणाम सार्वजनिक भएपछि आज पूर्व प्रधानमन्त्रीसमेत रहेका ओलीले सामाजिक सञ्जालमार्फत् यस पटकको निर्वाचनमा आफूले अपेक्षा गरेजस्तो परिणाम प्राप्त गर्न नसकेको स्वीकार गर्दै लोकतन्त्रमा अन्तिम फैसला जनताकै हुने र त्यो फैसला शिरोधार्य गरेको स्पष्ट पारेका छन् ।
उनले सूर्य चिन्हमा मतदान गरेर एमालेको पक्षमा उभिने सम्पूर्ण मतदाताप्रति धन्यवाद व्यक्त गरे । "जनताको विश्वास नै हाम्रो शक्ति हो । तपाईंहरूको साथ नै हाम्रो ताकत हो, उनले भने,हामी जनताकै बीचमा रहनेछौँ, जनताकै लागि काम गरिरहनेछौँ, र विश्वासको सम्बन्धलाई अझ बलियो बनाउँदै अघि बढ्नेछौँ । रासस

# बीमितलाई बाहिर औषधी खरिद नगराउन निर्देशन

**काठमाडौँ ।**
स्वास्थ्य बिमा बोर्डले उपचार गराउन आएका बीमितलाई अस्पताल बाहिर औषधि खरिद नगराउन सबै अस्पताल (स्वास्थ्य संस्था)लाई निर्देशन गरेको छ ।
बोर्डका सूचना अधिकारी विकेश मल्लले सबै अस्पताललाई परिपत्र जारी गर्दै बीमितलाई बाहिर औषधि पसलमा औषधि तथा औषधिजन्य सामग्री खरिद नगराउन निर्देशन दिएको जानकारी दिए । बीमितसँग केही स्वास्थ्य संस्थाले प्याकेजमा गरिने उपचारमा औषधि बाहिर खरिद गराउने पाइएकोले त्यस्ता नगर्न÷नगराउन सबै अस्पताललाई परिपत्र गरिएको उने बताए । केही अस्पतालले बीमितलाई उपचार गरेसँगै बाहिर औषधि खरिद गर्न लगाएको गुनासो आएको छ,उनले भने,त्यसैले हामीले त्यसरी बीमितलाई बाहिर औषधि खरिद नगर्न नगराउन निर्देशन दिँदै अस्पताललाई परिपत्र गरेका हौँ ।
उनका अनुसार अस्पतालले बीमितसँग बिमा सेवका विभिन्न प्याकेजभित्र समावेश हुने औषधि तथा औषधिजन्य सामग्री सोही अस्पताल तथा बाहिरका औषधि पसलबाट नगदमा खरिद गर्न लगाउने गरेका छन् । सूचना अधिकारी मल्लले बिरामीलाई बाहिरका औषधि पसलबाट औषधि खरिद गर्न लगाउने अस्पताललाई स्वास्थ्य बिमा ऐन २०७५, स्वास्थ्य बिमा नियमावली २०७५ तथा प्रचलित निर्देशिका र कार्यविधि विपरीत रहेको भन्दै त्यस्ता अस्पताललाई स्वास्थ्य बिमा नियमावली २०७५को नियम १८ को उपनियम (१) को खण्ड (क) बमोजिम कारबाही गरिनेसमेत बताए।
स्वास्थ्य बिमा कार्यक्रममा अन्तर्गत पाँचजना परिवारसम्मका लागि रु तीन हजार ५०० बराबरको योगदानको आधारमा रु एक लाख सम्मको स्वास्थ्य सेवा सुविधा उपलब्ध गराइन्छ । यस्तै थप प्रति सदस्य ७०० का दरले योगदान रकम थपिँदै जाने र प्रति सदस्य २० हजार बराबरको सेवा सुविधा थपिने प्रावधान रहेको छ । रासस

# उद्धार तथा आवश्यक सहायताका लागि विवरण दर्ताक्रम जारी




**काठमाडौँ ।**
पश्चिम एसियाको द्वन्द्वपछि परराष्ट्र मन्त्रालयल अन्तर्गतको कन्सुलर सेवा विभागद्वारा सञ्चालनमा ल्याइएको अनलाइन दर्ता प्रणालीमा बिहिबार सम्म ६५ हजार ८८६ नेपाली नागरिकले आफ्नो विवरण दर्ता गरेका छन् । त्यसरी दर्ता भएका विवरण अध्ययन गरी आवश्यकताअनुसार कारबाहीका लागि प्रक्रिया अगाडि बढाइएको मन्त्रालयले जनाएको छ ।
संयुक्त राज्य अमेरिका र इजरायलले इरानमा आक्रमण गरेपछि पश्चिम एसियामा द्वन्द्व चर्केको छ । त्यहाँबाट नेपाली नागरिकको उद्धार तथा आवश्यक सहायतालगायतका प्रयोजनका लागि विभागद्वारा उक्त अनलाइन पोर्टल यही फागुन १८ गतेदेखि सञ्चालनमा ल्याइएको हो । सो पोर्टलमा उक्त क्षेत्रमा रहेका नेपाली राजदूतावासमार्फत नेपाली नागरिकको विवरण संकलन गर्ने कार्य भइरहेको विभागका महानिर्देशक दुपर्दा सापकोटाले जानकारी दिइन् ।
पश्चिम एसियामा रहेका नेपाली नागरिकको सुरक्षा, हित तथा कल्याणको सुनिश्चितताका लागि मन्त्रालय र त्यहाँस्थित नेपाली नियोग निरन्तर सक्रिय रहेका छन् । उक्त क्षेत्रमा रहेका नेपाली नियोगहरुले समस्यामा परेका नेपालीको उद्धार तथा सहायताका लागि निरन्तर समन्वय गरिरहेका मन्त्रालयलका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले जानकारी दिए ।
परराष्ट्र सचिव अमृतबहादुर राईको संयोजकत्वमा गठित 'इमजेन्सी रेस्पोन्स टिम'को बुधबार सम्पन्न दोस्रो बैठकको निर्णयअनुसार समस्यामा परेका नेपालीसँग इमेल, फोन वा अन्य उपयुक्त माध्यमबाट सम्पर्क गर्न, मनोबल बढाउन र उनीहरूको प्रतिक्रिया लिएर प्रतिवेदन गर्न पश्चिम एसियास्थित सबै नियोगलाई निर्देशन दिइएको उनले बताए ।
पश्चिम एशिया क्षेत्रमा रहेका सबै नेपाली नागरिकलाई संयमित, सचेत र सजग रहन कानुनविपरीत कुनै किसिमका फोटो, भिडियो तथा अडियो सामग्री रेकर्ड गर्ने र आदानप्रदान गर्ने कार्य नगर्नसमेत मन्त्रालयले अनुरोध गरेको छ । रासस

# राजीनामा नदिन गगन थापालाई आग्रह



**काठमाडौँ ।**
ललितपुर जिल्लाबाट स्थानीय तहमा नेपाली कांग्रेसबाट निर्वाचित जनप्रतिनिधिले सभापति गगनकुमार थापालाई सभापतिबाट राजीनामा नदिन आग्रह गरेका छन् ।
ललितपुरमा नेपाली कांग्रेसबाट निर्वाचित जनप्रतिनिधिले आज संयुक्त प्रेस विज्ञप्ति जारी गरी वर्तमान जटिल राजनीतिक अवस्थामा थापाको नेतृत्व र अभिभावकत्व पार्टीका लागि अपरिहार्य रहेको बताएका हुन् ।
नेपाली कांग्रेसको गरिमामय इतिहास, वर्तमान राजनीतिक चुनौती, राष्ट्रियता र लोकतन्त्रको संरक्षणका साथै समसामयिक राजनीतिमा निर्वाह गर्नुपर्ने प्रभावकारी भूमिकाका लागि थापा योग्य व्यक्तित्व भएको विज्ञप्तिमा उल्लेख छ ।
जनप्रतिनिधिहरूले पछिल्लो समय चर्चामा आएको सभापतिको राजीनामाको विषयलाई पूर्णतः नकार्दै पार्टीको सुदृढीकरणका लागि नेतृत्वको निरन्तरताको खाँचो औंल्याएका छन् ।
ऐक्यबद्धता जनाउनेमा ललितपुर जिल्ला समन्वय समिति प्रमुख ऋषिदेव फुँयाल, ललितपुर महानगरपालिका प्रमुख चिरीबाबु महर्जन, गोदावरी नगरपालिका प्रमुख गजेन्द्र महर्जन र बागमती गाउँपालिकाका अध्यक्ष वीरबहादुर लोप्चनलगायत छन् । रासस

# देश परिवर्तन गर्न नागरिकको योगदान आवश्यकः पराजुली



**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टीका नेता गणेश पराजुलीले देशको अवस्था परिवर्तन गर्न नागरिकले योगदान गर्नुपर्ने समय आएको बताएका छन् । काठमाडौँ निर्वाचन क्षेत्र नं ७ मा निर्वाचित भएपछि तारकेश्वर नगरपालिका–४ लोलाङमा बिहिबार स्थानीयसँग सक्षात्कार गर्दै उनले सक्षम नागरिकले आफ्नो सक्रिय भूमिका निर्वाह गरेर राष्ट्र निर्माणमा योगदान गर्नुपर्ने आवश्यकता औँल्याए ।
यहाँहरुले प्राप्त गरेको ज्ञानलाई राष्ट्र निर्माणमा उपयोग गर्न सक्नुपर्छ, उनले भने । सांसद पराजुलीले युग परिवर्तन तथा राष्ट्र र सन्ततिको भाविश्य सुनिश्चित गर्न मतदाताले गरेको मत क्रान्तिको हिम्मतप्रति आभार प्रकट गरे । रासस

# अर्थमन्त्री र निजी क्षेत्रका प्रतिनिधिबीच छलफल

**काठमाडौँ ।**
अर्थमन्त्री रामेश्वरप्रसाद खनाल र निजी क्षेत्रका प्रतिनिधिबीच समसामयिक आर्थिक विषयमा छलफल भएको छ । बिहिबार अर्थ मन्त्रालयमा आयोजित छलफलमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल चेम्बर्स अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवाल, नेपाल उद्योग परिसंघका अध्यक्ष विरेन्द्रराज पाण्डे तथा नेपाल उद्योग व्यापार महासंघका अध्यक्ष खेमराज भण्डारीलगायतको उपस्थिति रहेको थियो ।
अर्थमन्त्री खनालले आफ्नो कार्यकालमा निजी क्षेत्रबाट प्राप्त सहयोग र पृष्ठपोषणप्रति आभार व्यक्त गरे। उनले २०८२ भदौ २३ र २४ गतेको आन्दोलनका कारण बिग्रिएको व्यावसायिक वातावरण र निजी क्षेत्रको मनोबल उठाउनु प्रारम्भिक चुनौती रहेको उल्लेख गर्दै साझा प्रयासबाट अहिले व्यावसायिक वातावरणमा सुधार आएको जानकारी दिए ।
अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयका अनुसार छलफलमा समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने, लगानीमैत्री वातावरण निर्माण गर्ने, घरेलु उद्योग संरक्षण गर्दै निर्यात प्रवद्र्धन गर्ने, पुँजी बजारलाई पारदर्शी बनाउने तथा आर्थिक सुशासन कायम गर्ने विषयमा सुझाव आदानप्रदान भएको थियो ।
अर्थमन्त्री खनालले विभिन्न क्षेत्रबाट आएका सुझावअनुसार केही विषय सम्बोधन गरिएको तथा नीतिगत जटिलताका कारण आफ्नो कार्यकालमा बाँकी काम आगामी अर्थमन्त्रीलाई हस्तान्तरण गरिने जानकारी दिए ।
छलफलका क्रममा निजी क्षेत्रका प्रतिनिधिले अर्थमन्त्री खनालले निजी क्षेत्रका मुद्दा सम्बोधन गर्न देखाएको चासोप्रति धन्यवाद व्यक्त गरेका थिए । उनीहरूले मुलुकको विकास र समृद्धिका लागि राजनीतिक स्थायित्व अपरिहार्य रहेको उल्लेख गर्दै हालै सम्पन्न निर्वाचनको परिणामबाट सकारात्मक अपेक्षा व्यक्त गरे ।
निजी क्षेत्रले मूल्यअभिवृद्धि कर (भ्याट)मा बहुदर प्रणाली लागू गर्नुपर्ने, कच्चा पदार्थ र तयारी वस्तुको आयात करबीच कम्तीमा दुई तहको अन्तर राख्नुपर्ने, निर्यात प्रवद्र्धनमा जोड दिनुपर्ने, नियमनकारी निकायको प्रभावकारिता परीक्षण गर्नुपर्ने तथा अन्तःशुल्कका उच्च दर घटाउनुपर्ने विषयमा सरकारको ध्यानाकर्षण गराएको थियो । रासस

# सिँचाइ अभावले चैते धानखेती घट्दै



**कञ्चनपुर ।**
कञ्चनपुरमा चैते धानको खेती गर्ने किसानको संख्या बर्सेनि घट्दै गएको छ । कृषि ज्ञान केन्द्र कञ्चनपुर र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यालय कञ्चनपुरको तथ्याङ्कअनुसार चैते धान लगाउने किसानको संख्या हरेक वर्ष घट्दै गएको छ । यहाँ सिँचाइ सुविधा नहुँदा ४०० हेक्टरमा खेती हुने गरेको चैते धान अहिले डेढ सय हेक्टरमा मात्रै हुने गरेको छ ।

कृषि ज्ञान केन्द्र कञ्चनपुरका सहायक बाली विकास अधिकृत धर्मबहादुर साउँदले हाल कञ्चनपुरमा १५० हेक्टर क्षेत्रमा खेती हुने गरेको बताए । हामीले किसानलाई विभिन्न किसिमका कृषि उपकरण र सिँचाइका लागि बोरिङलगायतका सुविधा उपलब्ध गराउने गरेका छौँ,साउँदले भने,यसका लागि धेरै सिँचाइ आवश्यक हुन्छ, यहाँ सिँचाइ सुविधा उपलब्ध नहुँदा चैते धानखेती घट्दै गएको छ ।

अधिकृत साउँदका अनुसार ज्ञान केन्द्रबाट किसानलाई ५० प्रतिशत अनुदानमा सिँचाइका लागि बोरिङ उपलब्ध गराउँदै आएको भए पनि त्यसले पर्याप्त रुपमा सिँचाइ हुन नसकेको बताए । कृषि ज्ञान केन्द्र कञ्चनपुरले चैते धानखेती प्रवद्र्धन कार्यक्रमअन्तर्गत किसानलाई बीउ, मलखाद, सिँचाइ र जोत्ने उपकरण समेत सहयोग गर्दै आएको छ ।

चैते धान अन्य धानभन्दा उत्पादन धेरै हुन्छ,अधिकृत साउँदले भने,किसानलाई यहाँबाट प्राविधिकको समेत सहयोग हुन्छ । चैते धान अन्य धानको तुलनामा बढी फल्ने भए पनि सिँचाइ अभावकै कारण खेती गर्न नसकिएको यहाँका किसानको गुनासो छ । उत्पादन राम्रो हुन्छ धेरै पानी चाहिन्छ यहाँ सिँचाइका लागि पर्याप्त पानीको सुविधा छैन,यहाँका किसान खुसीराम चौधरीले भने,चैत–वैशाखमा महाकाली सिँचाइ नहरमा पानी उपलब्ध हुँदैन बोरिङको पानीले चैते धानलाई पुग्दैन ।

सिँचाइकै कारण खेत बाँझो रहन थालेपछि चैत धान लगाउन छोडेको उनको भनाइ छ । एकातर्फ सिँचाइ अभाव र अर्कातर्फ छाडाचौपायाका कारण खेती गर्न निकै समस्या हुने गरेको यहाँका अर्का किसान पल्लवराज जोशी बताउँछन् । सिँचाइको व्यवस्था भइदिए हाम्रो लागि उपयुक्त त चैते धान नै हो, उनले भने,चैते धानलाई पानीको आवश्यकता भएको समयमा यहाँ खडेरी हुन्छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना धान जोन कार्यालयले पनि कञ्चनपुरमा लक्ष्य अनुसारको धानखेती हुन नसकेको जनाएको छ । कञ्चनपुरमा कुल खेतीयोग्य जमिन एक लाख ६१ हजार ७४१ हेक्टर रहेको छ । जसमध्ये ५९ हजार ६०२ हेक्टर अर्थात् ३६ प्रतिशत जमिनमा खेती हुने गरेको छ ।

यसको २९ प्रतिशत क्षेत्रफलमा मात्रै सिँचाइ सुविधा उपलब्ध हुने गरेको छ । कञ्चनपुरमा ४८ हजार ६०० हेक्टरमा धानखेती हुने गरेको छ ।

कञ्चनपुरमा हाल महाकाली सिँचाइ आयोजना पहिलो र दोस्रो चरणबाट ११ हजार ६०० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध छ । विसं २०४२ मा सुरु भई २०४८ मा सम्पन्न भएको महाकाली सिँचाइ पहिलो चरणबाट चार हजार ८०० हेक्टर र २०५२ मा सम्पन्न भएको दोस्रो चरणबाट ६ हजार ८०० हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पुगेको छ ।

पहिलो र दोस्रो चरणको सिँचाइबाट यहाँको भीमदत्त, बेदकोट नगरपालिका र बेलडाँडी गाउँपालिकासम्म सिँचाइ सुविधा उपलब्ध छ । रासस

# आरनको भरमा लुहार दम्पतीको जीविका



**कञ्चनपुर ।**
बझाङको बुँगलबाट डेढ वर्षअघि कञ्चनपुर झरेका ५६ वर्षीय शङ्कर लुहार परम्परागत आरन पेसाको भरमा परिवारको जीविका चलाउँदै आएका छन् । शुक्लाफाँटा नगरपालिका–८ फुलेलीमा आरन सञ्चालन गर्दै उनले फलाम, तामा र सिल्भरका कृषि तथा घरायसी सामग्री निर्माण गरी गाउँ–गाउँ पुगेर बिक्री गर्दै आएका छन् । सहज जीवनयापनको खोजीमा पहाडबाट तराई झर्नेहरूको सङ्ख्या पछिल्ला वर्षमा बढ्दो छ । यसैगरी, परिस्थितिमा बझाङको बुँगलका शङ्कर पनि जीविकोपार्जनको नयाँ सम्भावना खोज्दै परिवारसहित कञ्चनपुर झरेका हुन् । तराईमा आएपछि उनले नयाँ पेसा रोजेनन्, बरु पुर्खौंदेखि गर्दै आएको धातुजन्य सामग्री निर्माण गर्ने परम्परागत सीपलाई नै जीवनयापनको आधार बनाएका छन् । हाल उनी फुलेलीमा करिब डेढ कट्ठा जग्गामा कच्ची घर बनाएर बस्दै आएका छन् ।

घरकै छेउमा सानो आरन सञ्चालन गरेर शङ्करले विभिन्न प्रकारका कृषि तथा घरायसी प्रयोगका सामान बनाउने काम गर्दै आएका छन् । उनले आरनमा फलाम तताएर पिट्दै विभिन्न आकारका सामग्री तयार गर्छन् । शङ्करले किसानलाई आवश्यक पर्ने हँसिया, बञ्चरो, चक्कु, दाउ, माना, पाथीलगायतका कृषि औजार बनाउने गर्छन् । घरायसी प्रयोगका लागि कडाही, पानी बोक्ने फोला, चरु, कुडीलगायतका सामान पनि आरनमै तयार हुन्छन् । आरनमा तयार गरेका सामग्री स्थानीय बासिन्दाका घरघरमा पुगेर उनले बिक्री गर्ने गरेका छन् ।

शङ्करका अनुसार पहाडमा बस्दा आरनमा बनाइने सामानको राम्रो माग थियो । गाउँका किसान र सर्वसाधारणले स्थानीय रूपमा बनाइएका बलिया र टिकाउ सामान प्रयोग गर्न रुचाउँथे । तर पछिल्लो समय बजारमा कारखानामा बनेका सस्ता र सजिलै पाइने सामान बढ्दै जाँदा परम्परागत आरन पेसा सङ्कटमा परेको उनको भनाइ छ ।

'पहाडमा बस्दा हामीले बनाएका सामान सजिलै बिक्री हुन्थे,' उनले विगत सम्झँदै भने, 'हामीले बनाउने सामान बलियो र टिकाउ हुन्छन्, तर बजारमा रेडिमेड सामान सजिलै पाउन थालेपछि ग्राहक खोज्नै गाह्रो हुन थाल्यो ।'पहाडमा आरनमा बनाइने सामानको माग घट्दै गएपछि उहाँ जीविकोपार्जनको खोजीमा तराई झरेका हुन् । तराईमा बजार ठूलो हुने र सामान सजिलै बिक्री हुने अपेक्षा गरेका भए पनि यहाँको वास्तविकता भने फरक देखिएको उनी बताउँछन् ।

'यहाँ बजार त ठूलो छ,' शङ्करले भने, तर कारखानामा बनेका सस्ता सामान धेरै पाइन्छन्, हामीले हातैले धातुलाई पिटेर बनाउने सामान बनाउन धेरै मेहनत लाग्छ, त्यसैले लागत पनि बढी पर्छ ।' 'आरनको काम निकै मेहनतिलो हुन्छ, फलामलाई आगोमा तताएर हातौडाले पिट्दै आवश्यक आकार दिनुपर्छ,' उनी भन्छन्, 'त्यसपछि धार लगाउने, घिसार्ने र प्रयोगयोग्य बनाउने प्रक्रिया हुन्छ, यो काममा शारीरिक श्रम र अनुभव दुवै आवश्यक पर्छ ।'

सामान तयार भएपछि शङ्करले श्रीमतीसँगै ती सामान टाउकोमा बोकेर गाउँ–गाउँ पुगेर बिक्री गर्छन् । कहिलेकाहीँ धेरै टाढासम्म पैदल हिँडेर पनि सामान बेच्न जानुपर्ने हुन्छ । आरनमा तयार पारिएका धातुका सामान बिक्री गरेर लुहारले महिनामा करिब १० हजारदेखि ३० हजारसम्म आम्दानी गर्ने गरेका छन् । तर यो आम्दानी स्थिर भने नहुने गरेको उनको अनुभव रहेको छ । ग्राहक कम हुँदा आम्दानी निकै घट्ने गरेको उनी बताउँछन् ।

'कहिलेकाहीँ ग्राहकले सामान नै किन्दैनन्, बिक्री हुँदैन,' शङ्करले भने, 'त्यस्तो बेला थोरै कमाईमै चित्त बुझाउनुपर्छ, यही कामबाट आउने पैसाले घरको चुलो बलिरहेको छ, बालबालिका र जहान पालिएका छन् ।' यस काममा शङ्करलाई उहाँकी श्रीमती किर्रा लुहारले पनि साथ दिँदै आएकी छिन् । सामान तयार भएपछि उनी दुवै जना गाउँ–गाउँ पुगेर बिक्री गर्छन् । किर्राका अनुसार कतिपय ठाउँमा सामान नगदमा बिक्री हुन्छ भने कतिपय ठाउँमा अझै पनि साटासाट (विनिमय) प्रणाली प्रचलनमा छ ।

लुहार दम्पतीका पाँच छोरा र दुई छोरी छन् । उनीहरूले आरन चलाएरै कमाएको पैसाले दुई छोरा र एक छोरीको विवाह सम्पन्न गरेका छन् । परिवारको अधिकांश खर्च यही पेसाबाट आएको आम्दानीले धानिएको उनी निसङ्कोच बताउँछन् । तर, पछिल्लो समय आरनबाट मात्रै परिवार धान्न गाह्रो भएपछि उनका एक छोरा रोजगारीका लागि भारत गएका छन् । शङ्करका अनुसार अहिलेको नयाँ पुस्ताले परम्परागत पेसा छोडेर अन्य रोजगारी खोज्न थालेका छन् । कम आम्दानी र धेरै श्रमका कारण युवापुस्ताले आरनको काममा चासो देखाउन छाडेका छन् ।

शुक्लाफाँटा नगरपालिका–८ का वडा सदस्य लालबहादुर महराले वडामा रहेका आरन सुधारका काम भइरहेको जानकारी दिए । उनका अनुसार शङ्कर लुहारको परिवार वडामा आएको डेढ वर्ष मात्रै भएकाले आगामी दिनमा आरन सुधारका लागि सहयोग गर्ने योजना बनाइनेछ । परम्परागत सीप र श्रममा आधारित आरन पेसा अहिले आधुनिक उद्योग र बजार प्रतिस्पर्धाबीच अस्तित्व जोगाउन सङ्घर्षरत छ । शङ्कर लुहार जस्ता कारिगरहरूको सीप संरक्षण गर्न सकेमा स्थानीय उत्पादन, परम्परागत ज्ञान र ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउन सकिने सरोकारवाला बताउँछन् । रासस

# खाडीमा इरानी आक्रमण, तेल १०० डलर नाघ्यो




**तेहरान ।**
मध्यपूर्वमा जारी युद्धका बिच इरानले खाडी क्षेत्रका ऊर्जा पूर्वाधार र जहाजहरूलाई लक्षित गर्दै नयाँ ड्रोन तथा क्षेप्यास्त्र आक्रमण सुरु गरेपछि विश्व ऊर्जा बजारमा थप अस्थिरता देखिएको छ । बिहीबार बिहान मात्रै दुई तेल ट्याङ्करमा आक्रमण भएको केही घण्टामै अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य पुनः उकालो लाग्दै प्रतिब्यारेल १०० डलर नाघेको छ । तेहरानले खाडी क्षेत्रका छिमेकी देशहरू तथा इजरायलतर्फ नयाँ आक्रमणको लहर चलाएपछि क्षेत्रीय तनाव झनै चर्किएको छ । इरानले यो युद्ध लामो समयसम्म चल्न सक्ने चेतावनी दिँदै त्यसले विश्व अर्थतन्त्रलाई 'ध्वस्त पार्न सक्ने' दाबी गरेको छ ।

यसैबिच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान अन्ततः पराजयको दिशामा पुगेको दाबी गरेका छन् ।

यद्यपि उनले युद्ध तत्काल समाप्त नहुने चेतावनी पनि दिए । अमेरिकाले इरानको पूर्वाधारमा आक्रमण गर्न सक्ने सङ्केत दिँदै त्यसको पुनर्निर्माण गर्न एक पुस्ता लाग्न सक्ने उनले बताए । अमेरिका र इजरायलले सुरु गरेको यो युद्ध विस्तार हुँदै जाँदा क्षेत्रका विभिन्न देशहरू प्रभावित भएका छन् । लेबनानमा इजरायली आक्रमण तीव्र बनेको छ । त्यहाँ अधिकारीहरूका अनुसार हालसम्म ६३० भन्दा बढी मानिसको मृत्यु भएको छ भने आठ लाखभन्दा बढी नागरिक विस्थापित भएका छन् ।

खाडी क्षेत्रमा पनि सुरक्षा अवस्था तनावपूर्ण बनेको छ । इरानी आक्रमणपछि बहराइनले बासिन्दाहरूलाई घरभित्रै बस्न र झ्याल बन्द राख्न आग्रह गरेको छ । साउदी अरेबियाले सायबाह तेल क्षेत्रतर्फ गइरहेका ड्रोनहरू रोकिएको जनाएको छ । ओमानको सलालाह बन्दरगाहस्थित इन्धन ट्याङ्कीमा ड्रोन प्रहार भएपछि त्यहाँका केही सञ्चालन अस्थायी रूपमा रोकिएका छन् । होर्मुज जलडमरूमध्य आसपासका समुद्री मार्गहरू पनि प्रभावित भएका छन् । संयुक्त अरब इमिरेट्स नजिकै एउटा कन्टेनर जहाजलाई अज्ञात प्रक्षेप्यले प्रहार गर्दा सानो आगलागी भएको बेलायती समुद्री सुरक्षा एजेन्सीले जनाएको छ । सबै चालकदल सुरक्षित रहेका छन् ।

यसअघि इराक नजिक दुई तेल ट्याङ्करमा आक्रमण हुँदा कम्तीमा एक चालक दल सदस्यको मृत्यु भएको र ३८ जनालाई उद्धार गरिएको अधिकारीहरूले बताएका छन् ।

केही सदस्य अझै बेपत्ता रहेको खोजी जारी छ । विश्वको करिब पाँचौँ भाग तेल आपूर्ति हुने होर्मुज जलडमरूमध्य अहिले युद्धको तनावका कारण प्रभावकारी रूपमा अवरुद्ध हुने जोखिममा पुगेको विश्लेषकहरूले बताएका छन् । इरानले पनि खाडीबाट एक थोपा तेल निर्यात हुन नदिने चेतावनी दिएको छ । पछिल्लो केही दिनमा मात्रै जहाजहरू संलग्न कम्तीमा चार घटना रिपोर्ट भएका छन् । एउटा थाई बल्क क्यारियरमा प्रहार हुँदा चालक दलका तीन सदस्य बेपत्ता भएको यातायात कम्पनी प्रिसियस सिपिङले जनाएको छ ।

खाडीका अन्य स्थानमा पनि ड्रोन र क्षेप्यास्त्रको खतरा बढेको छ । कुवेतमा आवासीय भवनमा लागेको ड्रोनका कारण दुई जना घाइते भएका छन् भने युएईले पनि क्षेप्यास्त्र खतराको जवाफ दिइरहेको जनाएको छ । यसैबिच इरानको रिभोलुसनरी गार्ड्सले अमेरिका र इजरायलसँग सम्बन्धित आर्थिक केन्द्र तथा बैंकहरूलाई समेत निशाना बनाउन सक्ने चेतावनी दिएको छ । त्यसपछि केही अन्तर्राष्ट्रिय कम्पनीहरूले दुबईबाट आफ्ना कर्मचारीहरू हटाउन थालेका छन् ।

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले बजार स्थिर पार्न सदस्य राष्ट्रहरूलाई रणनीतिक भण्डारबाट तेल निकाल्न अनुमति दिएको छ । यसअन्तर्गत ४० करोड ब्यारेल तेल बजारमा पठाउने सहमति भएको छ, जसमा १७ करोड २० लाख ब्यारेल अमेरिकाबाट आउनेछ । तर यो कदमले पनि लामो द्वन्द्वको डर कम गर्न सकेको छैन ।

विश्लेषकहरूले प्रतिब्यारेल ९० देखि १०० डलरको मूल्य केही समयसम्म नयाँ सामान्य बन्न सक्ने बताएका छन् । युद्धको मानवीय असर पनि तीव्र बन्दै गएको छ । बेरुतमा इजरायली हवाई आक्रमणका कारण आवासीय भवनहरू क्षतिग्रस्त भएका छन् । स्थानीय बासिन्दाहरूले डरले रातभर खुला ठाउँमा बस्न बाध्य भएको बताएका छन् । एक स्थानीय बेकरी सञ्चालकले आक्रमणको क्षण सम्झँदै भने– पहिलो विस्फोट हुँदा म कोठाबाट कोठामा दौडेर परिवारलाई बाहिर निकाल्दै पर्खाल पछाडि लुकाएँ, त्यसपछि दोस्रो आक्रमण भयो ।

इजरायली सेनाले लेबनानभरि हिजबुल्लाहसँग सम्बन्धित पूर्वाधारलाई लक्षित गरी व्यापक कारबाही जारी राखेको जनाएको छ । साथै इरानबाट इजरायलतर्फ नयाँ क्षेप्यास्त्र प्रहार भएको पनि पत्ता लागेको बताइएको छ । इरानको स्वास्थ्य मन्त्रालयका अनुसार मार्च ८ सम्म युद्धमा एक हजार २०० भन्दा बढी मानिस मारिएका छन् । इजरायलमा १४ जनाको मृत्यु भएको छ भने खाडी क्षेत्रमा भएका आक्रमणमा ११ नागरिक र सात अमेरिकी सैनिकसहित २४ जनाको ज्यान गएको स्थानीय अधिकारीहरूले बताएका छन् । न्युयोर्क टाइम्सका अनुसार यो युद्धले अमेरिकालाई मात्रै हालसम्म ११ अर्ब ३० करोड डलरभन्दा बढी खर्च गराइसकेको छ । रासस

# स्वच्छ तथा स्वस्थ वातावरणको हक सुनिश्चित गर्न आग्रह




**काठमाडौं ।**
राष्ट्रिय मानव अधिकार आयोगले स्वच्छ र स्वस्थ वातावरणका सम्बन्धमा नेपालको संविधान तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनहरूले प्रत्याभूत गरेका प्रावधानहरूको कार्यान्वयन गर्न सरकारसँग आग्रह गरेको छ ।

आयोगले प्रत्येक नागरिकको स्वच्छ तथा स्वस्थ वातावरणको अधिकारको सुनिश्चित गर्ने, गराउने कार्यमा थप जिम्मेवार हुन तीनै तहका सरकार, निजी प्रतिष्ठान तथा सम्बन्धित सबैमा आग्रह गरेको हो ।

आयोगका प्रवक्ता डा. टीकाराम भट्टराईले भने, 'साथै, आफ्नो स्वास्थ्यमा पर्नसक्ने प्रतिकूल प्रभावप्रति सचेत रहनसमेत आयोग सर्वसाधारणलाई अनुरोध गर्दछ ।'

पछिल्ला वर्षमा नेपाल वायु प्रदूषित देशहरूको विश्वव्यापी सूचीको अग्रस्थानमा परिरहेको अवस्थामा यस वर्ष पनि विगत केही दिनदेखि प्रदूषण बढ्न गई मानव स्वास्थ्यमा असर पर्न पुगेको अवस्थाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको समेत जनाएको छ । खडेरी, वन डढेलो, इन्धनका रुपमा ग्रामीण क्षेत्रमा काठ, दाउरा तथा गुइँठाको प्रयोग, पुराना सवारीसाधन, उद्योग, अन्तरदेशीय वायु प्रदूषण आदिजस्ता कारण काठमाडौँ उपत्यकालगायत देशभरका अधिकांश स्थानमा वायु गुणस्तरको पिएम २.५ र पिएम १० को तहमा रहेको छ ।

आयोगले राष्ट्रिय तथा विश्वस्वास्थ्य सङ्गठनले निर्धारण गरेको मापदण्डभन्दा निकै उच्च रहेको तथ्यांक सार्वजनिक भएको भने आयोगको प्रारम्भिक अनुगमनका क्रममा नेपालमा स्थापित वायु गुणस्तर मापन गर्ने ३० वटा संयन्त्रमध्ये ११ वटा संयन्त्रले मात्रै अनलाइन 'रिअल टाइम' वायु गुणस्तर अद्यावधिक तथ्यांक दिइरहेको पाइएको जनाएको छ ।

वायु प्रदूषणका कारण फोक्सोको रोग, मुटुको रोग, मस्तिष्कघात, श्वासप्रश्वास प्रणालीमा सङ्क्रमणजस्ता स्वास्थ्य समस्या हुने गरेको देखिएको छ भने नेपालमा प्रतिवर्ष २६ हजार व्यक्तिको वायु प्रदूषणका कारण मृत्यु हुने गरेको अध्ययनले देखाएको छ । 'आयोगले गरेको अनुगमनमा काठमाडौँ उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ समेत प्रभावकारी रुपमा कार्यान्वयन भएको देखिएन', आयोगले भनेको छ, 'वायु गुणस्तरसम्बन्धी कार्यक्रम दातामुखी हुनु, अद्यावधिक तथ्याङ्कको अभाव, अन्तरतह सरकार तथा अन्तरनिकाय समन्वय प्रभावकारी हुन नसक्नुजस्ता कारण वातावरण संरक्षणको कार्यमा प्रभावकारिता आउन नसकेको देखिन्छ ।' रासस

# क्रोकस हमलाका दोषीलाई आजीवन जेल

**मस्को ।**
सन् २०२४ मा मस्कोस्थित क्रोकस सिटी कन्सर्ट हलमा भएको घातक आतंकवादी आक्रमणका अभियुक्तहरूलाई रुसी अदालतले कडा सजाय सुनाएको छ । बिहीबार भएको फैसलामा चार मुख्य बन्दुकधारीसहित १५ जनालाई आजीवन कारावास सजाय दिइएको छ । उक्त आक्रमणमा १५० जनाको ज्यान गएको थियो । यसलाई दुई दशकभन्दा बढी अवधिमा रुसमा भएको सबैभन्दा भीषण हमला मानिन्छ । मार्च २२, २०२४ मा भएको उक्त आक्रमणको जिम्मेवारी इस्लामिक स्टेट (आईएस)ले लिएको थियो । फैसला सुनाउँदा केही पीडितका आफन्तहरू मस्कोस्थित सैन्य अदालतमा उपस्थित थिए ।

न्यायाधीशले ताजिक नागरिक सम्सिडिन फरिदुनी, दलेर्दजोन मिर्जोयेभ, मखमद्सोबीर फायजोभ र सैदाक्रामी राचाबोलिजोडालाई आजीवन कारावास सजाय सुनाएका थिए । अभियोजन पक्षका अनुसार, ती चारै बन्दुकधारीले कन्सर्ट सुरु हुनुअघि हलभित्र अन्धाधुन्ध गोली चलाएपछि भवनमा आगजनी गरेका थिए, जसका कारण धेरै मानिसहरू भित्रै फसेका थिए ।

उक्त घटनामा ६०० भन्दा बढी मानिस घाइते भएका थिए भने मृतकमध्ये ६ बालबालिका थिए । आक्रमण सोभियतकालीन रक ब्यान्ड 'पिकनिक'को कन्सर्ट सुरु हुनुअघि भएको थियो । अदालतले अन्य ११ जनालाई पनि सहयोगीको भूमिका खेलेको र आतंकवादी सम्बन्ध राखेको आरोपमा आजीवन कारावास सजाय सुनाएको छ । साथै, एक पिता र उनका दुई छोरासहित थप चारजनालाई ती अभियुक्तहरूसँग सम्बन्ध राखेको अभियोगमा १९ देखि २२ वर्षसम्मको कैद सजाय सुनाइएको छ ।

मस्कोको उपनगरमा भएको यो हमलालाई सन् २००४ मा भएको बेसलान विद्यालय घेराबन्दीपछि रुसमा भएको सबैभन्दा ठूलो आतंकवादी घटना मानिन्छ ।घटनाको दोस्रो वार्षिकी नजिकिँदै गर्दा फैसला आएको हो । आक्रमणका बेला कन्सर्टको भिडियो खिचिरहेका इभान पोमोरिनले अदालत परिसरमा पत्रकारहरूसँग कुरा गर्दै पीडित परिवारका लागि घटना अझै 'हिजो जस्तै ताजा' रहेको बताए । यस घटनापछि रुसमा आप्रवासीसम्बन्धी नीति अझ कडा बनाइएको छ । सरकारले मध्य एसियाली आप्रवासीहरूलाई लक्षित गर्दै कडा कानुनी कदम र राजनीतिक बयानबाजी बढाएको छ, जसले मस्कोसँग निकट सम्बन्ध राख्ने केही मध्य एसियाली देशहरूमा असन्तोष पैदा गरेको छ । रासस

# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई विश्वविद्यालयको रुपमा विकसित गरिने

**बागमती ।**
बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले प्रदेश सरकार अन्तर्गतको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई विश्वविद्यालयको रुपमा विकास गरिने जानकारी दिएका छन ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत हेटौँडा अस्पतालको थप २०० शय्याको (विशिष्टकृत सेवा) नवनिर्मित भवनको बिहिबार शुभारम्भ गर्दै मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई निकट भविष्यमै विश्वविद्यालयको रुपमा विकास गर्ने कामको थालनी गरिसकेको बताए ।




मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्ना भएका विद्यार्थी प्रमाणपत्र लिने बेलासम्ममा मदन भण्डारी स्वास्थ्य विज्ञान विश्वविद्यालय भइसक्नेछ, मुख्यमन्त्री बानियाँले भने ,'त्यसका लागि प्रदेश सरकारले काम अघि बढाइसकेको छ, छिट्टै त्यसले पूर्णता पाउनेछ ।'

लोकतन्त्र गरिबको व्यवस्था भएकाले गरिबलाई सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन प्रतिबद्ध रहेको उल्लेख गर्नुहुँदै उनले हेटौँडा अस्पतालमा जनशक्ति र भौतिक पूर्वाधारको अभाव हुन नदिने बताए ।

चुनाबको बेला राजनीति स्वभाविक भए पनि जनताको स्वास्थ्य र शिक्षाको क्षेत्रमा राजनीति हुन नहुने जिकिर गर्नुहुँदै मुख्यमन्त्री बानियाँले स्वास्थ्य विज्ञान प्रतिष्ठानले हेटौँडा अस्पताल बाहेक प्रदेशको १३ वटै जिल्लाका अस्पतालमा पनि विशेषज्ञ सेवा दिने गरी काम गर्नुपर्ने बताए ।

प्रतिष्ठानबाट उत्पादन हुने जनशक्तिले प्रदेशका सबै जिल्ला र पालिकास्तरमा रहेका अस्पतालहरुमा पनि स्वास्थ्य सेवा पु¥याउन सहयोगी हुने विश्वासव व्यक्त गर्नुहुँदै उहाँले अब सिक्दै र सिकाउँदै गरी शिक्षा दिनुपर्ने औल्याए । स्वास्थ्य क्षेत्रमा सुधार गर्दै नागरिकलाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा पु¥याउन प्रदेश सरकार प्रयासरत रहेको बताउनुहुँदै मुख्यमन्त्री बानियाँले हेटौँडा अस्पतालमा यसअघि डाइलोसिस सेवाका लागि १४ वटा मेसिन जडान गरिएकोमा अहिले एकै पटक थप १६ वटा बढाएर ३० वटा पु¥याइएको बताए ।

बागमती प्रदेश सरकारका स्वास्थ्यमन्त्री किरण थापा मगरले प्रदेश अन्तर्गतका जिल्ला अस्पताल तथा स्वास्थ्य संस्थामा औषधि तथा उपकरणको अभाव हुन नदिने प्रतिबद्धता व्यक्त गरे । गरिबका छोराछोरीलाई डाक्टर बन्न प्रदेश सरकारले छात्रवृत्ति लगायतका कार्यक्रमसमेत सञ्चालन गरेको बताउनुहुँदै स्वास्थ्यमन्त्री थापा मगरले उपचारको अभावमा कुनै पनि नागरिकलाई ज्यान गुमाउनुपर्ने अवस्थाको अन्त्य गरिने बताए ।

पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, प्रदेश सरकारका पूर्व स्वास्थ्यमन्त्री एकालाल श्रेष्ठ लगायतले अस्पतालको भवन निर्माणसँगै अस्पतालको सेवा विस्तारमा सहजता ल्याउने विश्वास व्यक्त गरे ।

सहरी विकास तथा भवन कार्यालय मकवानपुर हेटौँडाका प्रमुख इञ्जिनियर भूपेन्द्रकुमार यादवका अनुसार भ्याटसहित कूल रु २६ करोड ६४ लाख २५ हजार २८० को लागतमा सो अस्पताल भवन निर्माण गरिएको हो ।रासस

# इनिसा विकलाई न्याय दिनुपर्ने माग गर्दै माइतीघरमा प्रदर्शन

**काठमाडौं ।**
इनिसा विकको हत्यामा संलग्नलाई कडा कारबाही गर्नुपर्ने माग गर्दै निहिबार माइतीघर मण्डलामा प्रदर्शन गरिएको छ । जात व्यवस्था उन्मुलन मोर्चा नेपालको अगुवाइमा दलित समुदायका युवाले इनिसाको बलात्कारपछि हत्या घटनाको निष्पक्ष, पारदर्शी र गम्भीर अनुसन्धान गर्नुपर्ने र पीडितलाई न्यायको निमित्त घटनाको निष्पक्ष, पारदर्शी र गम्भीर अनुसन्धान गर्नुपर्ने माग गर्दै प्रदर्शन गरेका हुन् ।

उनीहरुले दोषीलाई कुनै पनि बहाना वा प्रभावका आधारमा उन्मुक्ति नदिन, अभियुक्तको उमेर घटाउने वा प्रमाण कीर्ते गर्ने प्रयास भए त्यसमा संलग्न सबैमाथि कडा कारबाही गर्नुपर्ने र पीडितका परिवारलाई न्याय, सुरक्षा तथा आवश्यक संरक्षण सुनिश्चित गर्नुपर्ने माग पनि गरेका छन् ।

प्रदर्शनमा सहभागीहरुले 'बलात्कारीलाई कारबाही गर', 'स्टप रेप', 'इनिसाका परिवारलाई न्याय दे' र 'अपराधीलाई छुट दिन पाइँदैन' लेखिएका प्लेकार्ड बोकेका थिए ।

सोही अवसरमा दलित अभियन्ता रुपा सुनारले घटना भएको पाँचौँ दिनसम्म पनि दोषीलाई कारबाही गर्ने विषयमा राज्यले बेवास्था गरिरहेको भन्दै गुनासो गरिन् । सुर्खेतस्थित गुर्भाकोट नगरपालिका–६, बडाखोली स्थायी घर भई हाल वीरेन्द्रनगर–१ मा बस्दै आएकी १६ वर्षीया इनिसा फागुन २३ गते बिहान वीरेन्द्रनगर–४, सहिद पार्क नजिकको जनजागरण सामुदायिक वनमा बेहोस अवस्थामा फेला परेकी थिइन् । उनलाई प्रहरीले प्रदेश अस्पताल कालागाउँमा पु¥याएकामा चिकित्सकले मृत घोषणा गरेका थिए । मृतकका आफन्तहरूले सामूहिक बलात्कार भएको भन्दै २५ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिएको थियो ।

प्रहरीको प्रारम्भिक अनुसन्धानले इनिसाको बलात्कारपछि मृत्यु भएको देखाएको छ । सो घटनामा सुर्खेत प्रहरीले चार जनालाई पक्राउ गरेको छ । राष्ट्रिय दलित नेटवर्क, नेपाल र पर्यावरणीय लोकतन्त्रका लागि नागरिक अभियानलगायत सङ्घसंस्थाले पनि सोही घटनाका दोषीलाई कारबाही गर्नुपर्ने माग गरेका छन् । रासस

# काठमाडौँमा खटिएका निर्वाचन प्रहरीको औपचारिक बिदाइ



**काठमाडौँ ।**
यही फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि काठमाडौँ उपत्यकामा खटिएका निर्वाचन प्रहरीको आज औपचारिक रुपमा बिदाइ गरिएको छ ।

प्रहरी वृत्त गौशाला, काठमाडौँद्वारा बिहिबार आयोजना गरिएको एक कार्यक्रमकाबीच औपचारिक रुपमा निर्वाचन प्रहरीको बिदाइ गरिएको हो ।

जिल्ला प्रहरी परिसरका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले निर्वाचन प्रहरीलाई प्रमाणपत्र प्रदान गर्नुहुँदै उनीहरुको बिदाइ गरेका छन् । कार्यक्रममा प्रमुख अतिथि समेत रहनुभएका प्रहरी वरिष्ठ उपरीक्षक थापाले निर्वाचन अवधिभरी निर्वाचन प्रहरीले गरेका कामहरु सम्झनयोग्य रहेका बताएका छन ।

उनले निर्वाचन अवधिभर निर्वाचन प्रहरीहरूले देखाएको अनुशासन, इमान्दारिता र समर्पण सराहनीय रहेको बताएका छन् । उनले निर्वाचन जस्तो संवेदनशील र महत्वपूर्ण प्रक्रियालाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउन निर्वाचन प्रहरीहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गरेका छन ।

प्रहरी वृत्त गौशालाका प्रमुख तथा प्रहरी नायब उपरीक्षक प्रकाश सिरमलले निर्वाचन सुरक्षामा खटिएका निर्वाचन प्रहरी कर्मचारीले अत्यन्त जिम्मेवार ढङ्गले आफ्नो कर्तव्य निर्वाह गरेको बताएका छन् । उनले निर्वाचन अवधिभर कुनै पनि अप्रिय घटना हुन नदिन सबैले सक्रियता र सजगता अपनाएको उल्लेख गरेका छन् ।

निर्वाचनको सुरक्षाका लागि काठमाडौँमा तीन हजार ८५४, भक्तपुरमा एक हजार ९३ तथा ललितपुरमा एक हजार ५९६ निर्वाचन प्रहरी परिचालन गरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।रासस

# बालिका मृत्यु प्रकरण: दोषीलाई कारबाही गर्ने माग



**कर्णाली ।**
गत शनिबार वीरेन्द्रनगर नगरपालिका–४ सुर्खेत सहिद उद्यानस्थित जनजागरण सामुदायिक वनमा बलात्कारपछि हत्या भएको भन्दै सो घटनामा संलग्न दोषीमाथि कडा कारबाही गर्न माग गरिएको छ ।

सुर्खेतका विभिन्न सङ्घसंस्थाहरूले संयुक्त विज्ञप्ति जारी गरी सो घटनाले आफूहरूलाई स्तब्ध बनाएको जनाउँदै घटनाको निष्पक्ष छानबिन गर्न तथा दोषीमाथि कारबाही गर्न माग गरेका छन् । वीरेन्द्रनगर नगरपालिका–१ सुर्खेतमा बस्दै आएकी १६ वर्षीया बालिकाको बलात्कारपछि हत्या गरिएको घटना अमानवीय र निन्दनीय भएकाले यस घटनाले सम्पूर्ण समाजलाई स्तब्ध बनाएको उक्त विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्ति भनिएको छ, महिला तथा बालिकामाथि हुने यौन हिंसा कुनै पनि बहानामा सह्य हुन सक्दैन ।

सुरक्षित, सभ्य र न्यायपूर्ण समाज निर्माणका लागि राज्यका निकाय, नागरिक समाज र आम नागरिक सबैको साझा प्रतिबद्धता र सक्रिय भूमिका आवश्यक रहेको छ । महिला तथा बालबालिकामाथि हुने यौन हिंसा तथा अपराधको घटनाहरू रोकथामका लागि प्रभावकारी सुरक्षा व्यवस्था, निगरानी तथा सचेतनामूलक कार्यक्रमहरूलाई थप सुदृढीकरण बनाउन पनि सम्बन्धित पक्षहरूलाई ध्यानाकर्षण गर्दछौँ ।

मानवअधिकार रक्षक सञ्जाल कर्णाली र सुर्खेत, इन्सेक, दलित गैसस महासङ्घ, नवज्योति केन्द्र, एड्भोकेसी फोरम, सिएमसी, महिला मानवअधिकार रक्षक सञ्जाल, आवाज, दलित सेवा सङ्घ, दलित महिला सङ्घ, वाम, सोसेक र मानवअधिकारका लागि महिला एकल महिला समह सुर्खेतले संयुक्त विज्ञप्तिमा हस्ताक्षर गर्दै सत्य तथ्य छानबिन गरी पीडित परिवारलाई उचित न्याय दिनसमेत सम्बन्धित निकायलाई अनुरोध गरेका छन् ।

कर्णाली प्रदेश सरकार मुख्यमन्त्री यामलाल कँडेलले सामाजिक सञ्जाल 'फेसबुक'मार्फत पीडित परिवारलाई भेटेर घटनाको निष्पक्ष र कानुनी ढङ्गले छानबिन अनुसन्धान हुने तथा कानुनअनुसार न्याय सुनिश्चित गर्ने विश्वास व्यक्त गरिएको बताएका छन् । सरकारका तर्फबाट यस घटनाको सत्यतथ्य बाहिर ल्याउने र कानुनअनुसार कारबाही गर्ने प्रक्रिया स्वतन्त्र र निष्पक्ष रूपमा अगाडि बढाउने भदै पीडित परिवारले न्याय पाउनेमा प्रदेश सरकार प्रतिबद्ध रहेको जनाएका छन् ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक मोहनजङ्ग बुढ्थापाका अनुसार पीडित पक्षले फागुन २४ गते उजुरी दिएका आधारमा प्रहरीले वीरेन्द्रनगरबाट चार जनालाई मङ्गलबार पक्राउ गरी अनुसन्धान थालिएको छ । उक्त घटनामा संलग्न भएको अभियोगमा पक्राउ परेका चार जनामाथि जबर्जस्ती करणी र कर्तव्य ज्यानसम्बन्धी मुद्दा चलाएर अनुसन्धान भइरहेको उनले बताएका छन् ।

प्रहरीका अनुसार हालसम्म परिवारजनले बालिकाको शव बुझेका छैनन् । पीडित परिवारले दिएको जाहेरीका आधारमा शवपरीक्षणका लागि थप अनुसन्धान गर्न भेरी अस्पताल बाँकेका फरेन्सिक विशेषज्ञ डा अर्विन शाक्यको टोलीले प्रदेश अस्पताल सुर्खेतमा पुगेर शवपरीक्षण गरी त्यसको प्रतिवेदन दिएको छ । सो प्रतिवेदनअनुसार जबर्जस्ती करणी गर्दा मृतकको संवेदनशील अङ्ग च्यातिएको र अत्यधिक रक्तस्राव हुँदा मृत्यु भएको उल्लेख छ । राससका अनुसार गुर्भाकोट नगरपालिका–६ बडाखोली स्थायी घर भई हाल वीरेन्द्रनगर नगरपालिका–१ सुर्खेतमा बस्दै आएकी १६ वर्षीया इनिशा उषा बालवाटिका स्कुल सुर्खेतमा ११ कक्षामा अध्ययनरत थिइन् । परिवारका अनुसार उनी शनिबार बिहान ट्युसन पढ्न जाने भन्दै घरबाट निस्किएकी थिइन् । तर बिहान ९ः०० बजेतिर स्थानीयले जनजागरण सामुदायिक वनमा अचेत अवस्था भेटिएकी थिइन् । उनलाई प्रहरीले प्रदेश अस्पताल सुर्खेत कालागाउँ पु–याए पनि चिकित्सकले मृत घोषणा गरेका थिए । मृतकका आफन्तले यही फागुन २५ गते जिल्ला प्रहरी कार्यालय उजुरी दिएका थिए । रासस

# मतदानपछि मतदाता भारत फर्किन थाले

**सुदूरपश्चिम ।**
निर्वाचनका बेला स्वदेश फर्किएका सुदूरपश्चिमेली मतदान सकिए लगत्तै रोजगारीका लागि कैलालीको त्रिनगर सीमा नाका हुँदै भारत फर्किन थालेका छन् । केही दिनदेखि नेपाल–भारतको त्रिनगर सीमा नाका हुँदै उनीहरु भारततिर फर्किन थालेका हुन् ।

रोजगारीका साथै उपचार, व्यापार तथा अन्य व्यक्तिगत कामका लागि दैनिक सयौँ नेपाली उक्त नाका हुँदै भारत जाने–आउने गर्छन् । त्रिनगर सीमा नाकामा भेटिनुभएका कञ्चनपुरका पदम पन्तले मतदान गरेर आफू फेरि भारततिर जान लागेको बताएका छन् ।

उनले भने,दुई महिनाअघि मतदान गर्न नेपाल आएको हुँ । अहिले फेरि काममा फर्किन थालेको छुँ । खुला सीमा नाका कारण आवतजावत सहज भए पनि कतिपयका लागि भने आवश्यक कागजातको अभावले समस्या सिर्जना भएको छ । त्रिनगर नाकामै भेटिनुभएकी अछामकी कल्सु साउदले उपचारका लागि भारत जान लागेको बताउनुभयो । उनले भने, मतदान गरेपछि नेपालमै स्वास्थ्य जाँच गरौँ भन्ने सोचेकी थिएँ । तर अहिले नियमित चेकअपका लागि फेरि भारत जान लागेकी हुँ ।

सुदूरपश्चिमका धेरै बिरामी उपचारका लागि भारतीय अस्पताल धाउँछन् । नेपाल–भारतबीचको खुला सिमाना रहेकोले दुई देशका नागरिकले धेरै ठाउँमा सहज रूपमा आवतजावत गर्न पाउने व्यवस्था छ । सुदूरपश्चिमका नागरिक दैनिक रोजगारी, व्यापार, शिक्षा र उपचारका लागि भारत जाने गर्छन् । बिहान नेपालबाट भारत काममा जाने र साँझ फर्किने व्यक्ति धेरै भेटिने गरेका छन् ।

नेपालमा निर्वाचन हुने जानकारी पाएपछि केही समयका लागि भारतलगायत विभिन्न देशमा काम गर्ने नेपाली मतदानका लागि घर फर्किएका थिए । निर्वाचन सम्पन्न भएपछि भने पुनःकामका लागि विदेश फर्किने क्रम देखिएको हो । विशेषगरी युवा तथा श्रमिक वर्गका नागरिक झोला बोकेर भारत जाने दृश्य सामान्य बनेको छ ।

सदियौँदेखि सुदूरपश्चिमेलीको रोजगारीको प्रमुख गन्तव्यस्थल भारत बनेको छ । सुरक्षा गार्ड, निर्माण क्षेत्र, होटल, उद्योग, कृषि तथा अन्य दैनिक ज्यालादारी काममा नेपालीले काम गर्ने गर्छन् । नेपालमा कामको अवसर कम हुनु र कमाइ पर्याप्त नहुनु भारत जाने प्रमुख कारण हो । रोजगारी मात्र नभएर स्वास्थ्य उपचारका लागि भारत जाने नेपालीको सङ्ख्या ठूलो छ । सुदूरपश्चिमका धेरै जिल्लामा विशेषज्ञ चिकित्सक, आधुनिक उपकरण र ठूला अस्पतालको अभाव छ । जटिल रोग लागेका बिरामी प्रायः भारतका अस्पतालमा भर पर्ने गरेका छन् ।

धनगढी, महेन्द्रनगरलगायत सीमावर्ती क्षेत्रबाट भारतका बरेली, हल्द्वानी, देहरादून, लखनउ, भोजीपुरा र दिल्लीसम्म उपचारका लागि बिरामी जाने गर्दछन् । खुला सिमाना भए पनि पछिल्लो समय सीमा पार गर्दा आवश्यक कागजातमा कडाइ गरेको छ । नागरिकता, मतदाता परिचयपत्र वा अन्य पहिचान कागजात नहुँदा कतिपय नागरिक सीमामै रोकिने गरेका छन् । रासस

# नारायणी रङ्गशालाको मर्मत र पुर्ननिर्माण काम सुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज स्थित नारायणी रङ्गशालाको मर्मत तथा पुर्ननिर्माणको काम सुरु भएको छ, जुन देशकै दोस्रो ठूलो रंगशाला हो । चालु आर्थिक वर्ष २०८२/८३ को बजेटमा जेनजी आन्दोलनअघिको कांग्रेस–एमाले गठबन्धन सरकारले नारायणी रंगशालाको पुर्ननिर्माणका लागि ४ करोड रुपैयाँ विनियोजन गरेको थियो । पर्सा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष दीपक कुमार साहका अनुसार, हाल उक्त बजेट निकासा भइसकेको छ र बिहीबारदेखि रंगशाला पुर्ननिर्माणको काम सुरु गरिएको छ । पहिलो चरणमा जीर्ण प्याराफिटहरू डोजरको सहायताले भत्काएर नयाँ प्याराफिट निर्माण गरिने योजना रहेको साहले बताए ।



उनले भने, 'तत्कालीन खेलकुद मन्त्री तेजुलाल चौधरीले बजेटमा ४ करोड रुपैयाँ विनियोजन गर्न लगाउनु भएको थियो । बजेट निकासा भएपछि काम सुरु भएको हो ।' साहका अनुसार हाल प्राप्त रकमले सम्पूर्ण मर्मत सम्भार सम्भव नहुने भएकाले पहिलो चरणमा मात्र नयाँ प्याराफिट निर्माण गरिनेछ । बाँकी कामका लागि अतिरिक्त बजेटका लागि सरकारसँग पहल गरिनेछ । प्याराफिट निर्माणको काम सकिएपछि नेपाल सरकार र युवा तथा खेलकुद मन्त्रालयसँग थप बजेटको माग राखिने छ । साथै, मधेस प्रदेश सरकारले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा नारायणी रंगशालालाई अन्तर्राष्ट्रिय स्तरको रंगशालामा स्तरोन्नत गर्ने योजना उल्लेख गरेकाले प्रदेश सरकारसँग पनि बजेटको लागि पहल गरिने साहले बताए । काठमाडौंको दशरथ रंगशालापछि देशको दोस्रो ठूलो रंगशाला मानिने वीरगंजको नारायणी रंगशाला (३५ हजार दर्शक क्षमता) वर्षौंदेखि जीर्ण अवस्थामा थियो । मर्मत नहुँदा यहाँ राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिता पनि हुन सकेका थिएनन् । खेलप्रेमी र स्थानीय खेलाडीहरूले झन्डै एक दशकदेखि रंगशाला मर्मत र पुर्ननिर्माणको माग गर्दै विभिन्न दबाबमूलक कार्यक्रम सञ्चालन गर्दै आएका थिए । संघीय र प्रदेश संसदमा यहाँका जनप्रतिनिधिहरूले पटक–पटक नारायणी रंगशालाको पुर्ननिर्माणको आवाज उठाउँदै आएका थिए । नारायणी रंगशालाको जग्गा तत्कालीन अञ्चलाधीश लक्ष्यबहादुर गुरुङ को पहलमा २०३८ सालमा फुटबल, क्रिकेट र कवर्ड हल निर्माणका लागि खरिद र अधिग्रहण गरिएको थियो । निर्माण कार्य २०४२ सालमा सम्पन्न भयो र उद्घाटन तत्कालीन राजा वीरेन्द्र शाह ले गरेका थिए । पछिल्ला दशकसम्म राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिता रंगशालामा आयोजना हुँदै आएका थिए । तर, दीर्घकालीन मर्मत नहुँदा रंगशाला जीर्ण हुँदै गएपछि कुनै खेलकुद प्रतियोगिता सञ्चालन हुन सकेको थिएन । अहिले सुरु भएको मर्मत तथा पुर्ननिर्माणले रंगशालालाई पुनः राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि योग्य बनाउने अपेक्षा गरिएको छ ।

# एमालेलाई समानुपातिकभन्दा प्रत्यक्षमा र रास्वपालाई प्रत्यक्षभन्दा समानुपातिकमा बढी मत

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रतिनिधिसभा निर्वाचनअन्तर्गत मधेश प्रदेशमा राजनीतिक दलहरूले प्रत्यक्ष र समानुपातिक प्रणालीमार्फत पाएको मत परिणाममा रोचक अन्तर देखिएको छ । केही दलले प्रत्यक्षतर्फ उम्मेदवारहरूले पाएको मतभन्दा समानुपातिकतर्फ कम मत पाएका छन् भने केही दलले प्रत्यक्षभन्दा धेरै मत समानुपातिकतर्फ प्राप्त गरेका छन् ।

निर्वाचन आयोगका अनुसार नेकपा एमालेले मधेश प्रदेशमा समानुपातिकतर्फ १ लाख ८७ हजार ९ सय १ मत प्राप्त गरेको छ ।तर सो प्रदेशका ३२ वटै निर्वाचन क्षेत्रमा एमालेका उम्मेदवारहरूले प्रत्यक्षतर्फ पाएको मत जोड्दा भने २ लाख २२ हजार ७ सय १३ पुग्छ, जुन समानुपातिक मतभन्दा उल्लेख्य रूपमा बढी हो ।

एमालेले मधेशका सबै ३२ निर्वाचन क्षेत्रमा उम्मेदवार उठाएको भए पनि प्रत्यक्षतर्फ भने एक सिट पनि जित्न सकेन । परिणामअनुसार एमाले चार क्षेत्रमा दोस्रो, १४ क्षेत्रमा तेस्रो, नौ क्षेत्रमा चौथो, दुई क्षेत्रमा पाँचौँ र तीन क्षेत्रमा सातौँ स्थानमा सीमित भयो ।

नेपाली कांग्रेसको अवस्थामा भने ठीक उल्टो देखिएको छ । प्रत्यक्षतर्फ कांग्रेसका उम्मेदवारहरूले पाएको मत जोड्दा २ लाख ३७ हजार ७ सय ८८ पुग्छ । तर समानुपातिकतर्फ भने कांग्रेसले मधेश प्रदेशबाट २ लाख ८७ हजार ३ सय २३ मत प्राप्त गरेको छ, जुन प्रत्यक्षतर्फको मतभन्दा बढी हो ।

यसैगरी नेपाली कम्युनिस्ट पार्टीले मधेश प्रदेशबाट समानुपातिकतर्फ १ लाख ७ हजार ६ सय १२ मत प्राप्त गरेको छ । तर सो पार्टीका उम्मेदवारहरूले प्रत्यक्षतर्फ पाएको मत जोड्दा १ लाख ५२ हजार ४ सय ९७ पुग्छ ।

अन्य दलहरूको हकमा भने प्रत्यक्षतर्फको मत समानुपातिकभन्दा कम देखिएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले मधेश प्रदेशबाट समानुपातिकतर्फ ३५ हजार ४ सय ६२ मत प्राप्त गर्दा उसका उम्मेदवारहरूले प्रत्यक्षतर्फ जम्मा १५ हजार ६ सय २२ मत पाएका छन् । श्रम संस्कृति पार्टीले समानुपातिकतर्फ ९ हजार ८ सय ५४ मत पाउँदा उसका उम्मेदवारहरूले प्रत्यक्षतर्फ जम्मा ४ हजार १६ मत प्राप्त गरेका छन् ।

यसैबीच मधेश प्रदेशका ३२ निर्वाचन क्षेत्रमध्ये राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले ३० क्षेत्रमा जित हासिल गर्दै अत्यन्तै प्रभावशाली प्रदर्शन गरेको छ । एउटा क्षेत्रमा उम्मेदवारको उम्मेदवारी खारेज भएका कारण प्रतिस्पर्धा हुन सकेन भने रौतहटको एक क्षेत्रमा नेपाली कांग्रेस विजयी भएको छ ।धनुषा क्षेत्र नम्बर १ मा रास्वपाका उम्मेदवार किशोरी साह कमलको नाम कालोसूचीमा रहेको पाइएपछि निर्वाचन आयोगले उनको उम्मेदवारी नै खारेज गरेको थियो ।

यस्तै रौतहट क्षेत्र नम्बर २ मा नेपाली कांग्रेसका उम्मेदवार फिरदोश आलम विजयी भएका छन् । सो क्षेत्रमा रास्वपाका उम्मेदवार शेख सगिर तेस्रो स्थानमा सीमित भए ।

बाँकी ३० निर्वाचन क्षेत्रमा भने प्रत्यक्षतर्फ रास्वपाका उम्मेदवार विजयी भएका छन् । मधेश प्रदेशका सबै निर्वाचन क्षेत्रमा विजयी तथा पराजित भएका रास्वपाका उम्मेदवारहरूले पाएको मत जोड्दा कुल १० लाख ६५ हजार ९ सय ७८ पुग्छ ।

निर्वाचन आयोगका अनुसार समानुपातिकतर्फ भने रास्वपाले मधेश प्रदेशबाट १३ लाख ४ सय ६८ मत प्राप्त गरेको छ, जुन प्रत्यक्षतर्फ उम्मेदवारहरूले पाएको मतभन्दा उल्लेख्य रूपमा बढी हो । यस परिणामले मधेश प्रदेशमा मतदाताको झुकाव प्रत्यक्ष र समानुपातिक प्रणालीमा फरक–फरक ढङ्गले प्रकट भएको देखाएको छ ।

# गणतन्त्रकै पहिलो ७६ (१) बमोजिको सरकार बन्दै



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
संसदीय निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीका कारण कुनै एक दलको स्पष्ट बहुमत आउन नसक्ने भन्ने विगतको भाष्य यसपटक राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले तोडिदिएको छ । प्रत्यक्ष र समानुपातिक दुवै प्रणालीमा उल्लेख्य सफलता हासिल गर्दै रास्वपा प्रतिनिधि सभामा सुविधाजनक बहुमत नजिक पुगेपछि अब संविधानअनुसार सरकार गठन प्रक्रिया अघि बढ्ने भएको छ ।

संविधानको धारा ७६ (१) अनुसार प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ । सोही प्रावधानअनुसार राष्ट्रपति रामचन्द्र पौडेलले बहुमत प्राप्त दलका संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने प्रक्रिया सुरु गर्नेछन् । त्यसपछि प्रधानमन्त्रीको अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुनेछ ।

सरकार गठनअघि प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६२ अनुसार निर्वाचन आयोगले अन्तिम नतिजा घोषणा भएको एक साताभित्र प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ । आयोगबाट प्रतिवेदन राष्ट्रपतिसमक्ष पुगेपछि नयाँ सरकार गठनको संवैधानिक प्रक्रिया औपचारिक रूपमा सुरु हुन्छ ।

संविधानको धारा ७६ मा सरकार गठनका विभिन्न विकल्पहरू उल्लेख छन् । उपधारा (१) मा एकल बहुमतको सरकार, उपधारा (२) मा दुई वा दुईभन्दा बढी दलको संयुक्त सरकार, उपधारा (३) मा प्रतिनिधि सभाको सबैभन्दा ठूलो दलको सरकार गठनबारे व्यवस्था गरिएको छ । यस्तै उपधारा (४) र (६) मा विश्वासको मतसम्बन्धी व्यवस्था छ भने उपधारा (५) मा अन्य दलको समर्थनमा कुनै सांसदले सरकार गठन गर्न सक्ने प्रावधान छ । उपधारा (७) मा भने प्रतिनिधि सभाको विघटन र नयाँ निर्वाचनसम्बन्धी व्यवस्था गरिएको छ ।

गणतन्त्र स्थापनापछि विगतका निर्वाचनहरूमा कुनै दलको स्पष्ट बहुमत नआउँदा संविधानको धारा ७६ (२) अनुसार गठबन्धन सरकार बन्ने अवस्था देखिँदै आएको थियो । २०७९ सालको निर्वाचनपछि पनि सुरुमा धारा ७६ (२) अनुसार गठबन्धन सरकार बनेको थियो । पछि एमाले र माओवादीबीच एकता भएपछि त्यो सरकार धारा ७६ (१) अन्तर्गतको एकल बहुमतको सरकारमा रूपान्तरण भएको थियो ।

अधिवक्ता कीर्तिनाथ शर्मा पौडेलका अनुसार अहिलेको निर्वाचन परिणामले भने एकल बहुमतको सरकार बन्ने अवस्था देखाएको छ । उनका अनुसार राष्ट्रिय स्वतन्त्र पार्टीले संसदीय दलको नेतामा जसलाई चयन गरेर पठाउँछ, राष्ट्रपतिले संविधानको धारा ७६ (१) अनुसार सोही व्यक्तिलाई प्रधानमन्त्री नियुक्त गर्नेछन् । यदि रास्वपाले संसदीय दलको नेतामा बालेन्द्र शाहलाई चयन गरेमा उनी स्वतः प्रधानमन्त्री बन्ने सम्भावना रहने पौडेलको भनाइ छ ।

संविधानको धारा ९३ (१) अनुसार निर्वाचनको अन्तिम परिणाम घोषणा भएको एक महिनाभित्र राष्ट्रपतिले संघीय संसद्को अधिवेशन आह्वान गर्नुपर्ने व्यवस्था छ । बहुमत प्राप्त दलको सरकार गठन भएको अवस्थामा प्रधानमन्त्रीले संसद्मा विश्वासको मत लिनु अनिवार्य हुँदैन ।

अधिवक्ता पौडेलका अनुसार स्पष्ट बहुमत भएको अवस्थामा सरकार गठनपछि विश्वासको मत लिनुपर्ने बाध्यता हुँदैन । तर दुई वा दुईभन्दा बढी दलको गठबन्धन सरकार बनेको अवस्थामा भने ३० दिनभित्र संसद्बाट विश्वासको मत प्राप्त गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ । यदि निर्धारित अवधिभित्र विश्वासको मत प्राप्त गर्न नसके प्रधानमन्त्री स्वतः पदमुक्त हुने प्रावधान पनि संविधानमा उल्लेख छ ।

२ सय ७५ सदस्यीय प्रतिनिधि सभामा बहुमतका लागि कम्तीमा १ सय ३८ सिट आवश्यक पर्छ । प्रत्यक्ष र समानुपातिक दुवै प्रणालीको परिणाम जोड्दा राष्ट्रिय स्वतन्त्र पार्टी पहिलो दलमात्र नभई सुविधाजनक बहुमतसहित सरकार गठन गर्न सक्ने स्थितिमा पुगेको देखिन्छ ।

निर्वाचन परिणामको अङ्कगणित हेर्दा रास्वपा पाँच वर्ष स्थिर सरकार दिने हैसियतमा पुग्ने सम्भावना देखिएको छ । सरकार गठन प्रक्रिया पूरा भएपछि मात्र संसदीय कार्यसूचीअनुसार राष्ट्रपति तथा उपराष्ट्रपति, सभामुख र उपसभामुख चयनको प्रक्रिया अघि बढ्नेछ ।

# तलबभत्ता नपाएपछि कमलाका शिक्षक पुनः आन्दोलित



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
तलबभत्ता उपलब्ध गराउन माग गर्दै धनुषाको कमला नगरपालिका का शिक्षकहरू पुनः आन्दोलनमा उत्रिएका छन् ।

गत पुस महिनाको अन्तिम साता जनप्रतिनिधि र शिक्षकबीच भएको सहमतिअनुसार विगत आठ महिनादेखि बाँकी रहेको तलबभत्ता एकमुष्ट भुक्तानी गर्नुपर्ने तथा नियमित तलब उपलब्ध गराउनुपर्ने माग राख्दै शिक्षकहरूले पठनपाठन बन्द गरी आन्दोलन थालेका हुन् ।

मधेश प्रदेशको राजधानी जनकपुर बाट करिब २२ किलोमिटर पूर्वमा रहेको कमला नगरपालिकाका पाँच माध्यमिक, दुई निम्न माध्यमिक र दश प्राथमिक विद्यालयका शिक्षक आन्दोलनमा उत्रिएपछि करिब सात हजार विद्यार्थीको पढाइ प्रभावित भएको छ ।

केही शिक्षक नगरपालिकामा धर्नामा बसेका छन् भने केही विद्यालय खुले पनि कक्षा सञ्चालन गरिएको छैन । जनहीत माध्यमिक विद्यालय माची झिटकैय्या का प्रधानाध्यापक जगन्नाथ यादवका अनुसार शिक्षकहरूले माग पूरा नभएसम्म विद्यालय सञ्चालन नगर्ने बताएका छन् ।

यसअघि पनि १ सय ४९ जना शिक्षकहरूले माग पूरा गराउन दबाब दिँदै गत पुस १ गतेदेखि २२ गतेसम्म विद्यालय बन्द गरी हड्ताल गरेका थिए ।

जनप्रतिनिधिहरूबीचको असमझदारीका कारण असार १० गतेभित्र बस्नुपर्ने नगरसभा हालसम्म बोलाउन नसकिएको छ । त्यसका कारण शिक्षक मात्र होइन, स्वास्थ्य, कृषि तथा वडा सचिवलगायतका कर्मचारीहरूले पनि दशैं, तिहार र छठजस्ता महत्त्वपूर्ण चाडपर्व बितिसक्दा समेत तलबभत्ता पाउन सकेका छैनन् ।

नगरपालिकामा चालू आर्थिक वर्षको बजेट पारित हुन नसक्दा विकास निर्माणका काम ठप्प भएका छन् । त्यति मात्र होइन, कमला नगरपालिकाका करिब ९ हजार पाँच सयभन्दा बढी नागरिकले विगत आठ महिनादेखि सामाजिक सुरक्षा भत्ता समेत पाउन सकेका छैनन् ।

तात्कालीन हरिने, लक्कड, सिंग्याही मडान, दुबरकोट, माची झिटकैयालगायत छ वटा गाविस मिलेर बनेको कमला नगरपालिकामा हाल नौ वटा वडा रहेका छन् । यहाँ ४२ हजारभन्दा बढी जनसंख्या बसोबास गर्दै आएका छन् ।

गत वर्ष भदौमा ५७ करोडभन्दा बढीको बजेट ल्याएको नगरपालिकाले चालू आर्थिक वर्षको आठ महिना बित्न लाग्दासमेत नगर परिषद् बोलाउन नसकेपछि नगरपालिकाको कामकाज अस्तव्यस्त बनेको छ ।

# साहको नाम कालोसूचीबाट हटाउन सर्वोच्चको आदेश



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सर्वोच्च अदालतले किशोरी साह कमलको नाम कर्जा सूचना केन्द्रको कालोसूचीमा नराख्न अन्तरिम आदेश दिएको छ ।

धनुषा–१ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट प्रतिनिधिसभा उम्मेदवार बनेका साहको नाम कर्जा सूचना केन्द्रले कालोसूचीमा राखेपछि निर्वाचन आयोगले उनको उम्मेदवारी खारेज गरेको थियो ।

साहले दायर गरेको रिटमा सर्वोच्च अदालतका न्यायाधीश सारङ्गा सुवेदीको एकल इजलासले कालोसूचीबाट नाम हटाउन अन्तरिम आदेश जारी गरेको छ । निर्वाचन आयोगले कर्जा सूचना केन्द्रको कालोसूचीको आधारमा उम्मेदवारी खारेज गरेपछि साहले सो केन्द्रलाई विपक्षी बनाएर रिट दायर गरेका थिए । सर्वोच्चले कालोसूचीबाट नाम हटाउन अन्तरिम आदेश दिएसँगै साहको उम्मेदवारी कायम हुने बाटो खुलेको अधिवक्ता दीपेन्द्र झाले बताए ।

निर्वाचनको दुई दिनअघि मात्रै आयोगले साहको उम्मेदवारी खारेज गर्ने निर्णय गरेको थियो । सो निर्णयविरुद्ध उनी सर्वोच्चमा रिट दायर गरेका थिए । र यस रिटको सुनुवाइ बिहिबारका लागि तय गरिएको थियो ।

हालै, उम्मेदवारी खारेज भए पनि धनुषा–१ मा राष्ट्रिय स्वतन्त्र पार्टीको चुनाव चिह्न 'घण्टी'ले अत्यधिक मत पाएको थियो । तर, आयोगले उक्त क्षेत्रमा नेपाल कम्युनिष्ट पार्टीका उम्मेदवार मातृका प्रसाद यादवलाई निर्वाचित भएको घोषणा गरिसकेको छ ।

# रामानन्द चोकमा रिफ्लेक्टिभ रिङ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामको अत्यन्त व्यस्त मानिने रामानन्द चोकमा ट्राफिक व्यवस्थापन र सडक सुरक्षालाई प्रभावकारी बनाउन नयाँ पहल सुरु गरिएको छ ।

चोकमा फ्लेक्सिबल रिफ्लेक्टिभ रिङ जडान गर्ने कार्य हाल तीव्र गतिमा अघि बढाइएको जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले जनाएको छ । सडक प्रयोगकर्तालाई स्पष्ट संकेत दिनुका साथै सवारीसाधनलाई सही लेनमा सञ्चालन गर्न सहजीकरण गर्ने उद्देश्यले रिङ जडान गर्न थालिएको ट्राफिक प्रहरीले जानकारी दिएको छ ।

विशेषगरी रातिको समयमा वा कम दृश्यता भएको अवस्थामा रिफ्लेक्टिभ सामग्रीले प्रकाश परावर्तन गर्ने भएकाले चालकलाई सडकको मार्ग पहिचान गर्न सहज हुने अपेक्षा गरिएको छ । जनकपुरधामको प्रमुख चोकमध्ये एक मानिने रामानन्द चोकमा दैनिक ठूलो संख्यामा सवारीसाधन आवतजावत गर्ने गर्छन् । भीडभाड र अव्यवस्थित ट्राफिकका कारण दुर्घटनाको जोखिम बढ्ने गरेको गुनासो बढ्दै गएपछि यस्तो प्रविधि प्रयोग गरी सडक व्यवस्थापन सुधार गर्ने प्रयास गरिएको हो ।

स्थानीयवासी तथा सवारी चालकहरूले पनि यस्तो व्यवस्थाले ट्राफिक अनुशासन कायम गर्न र दुर्घटना न्यूनीकरण गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन् । सम्बन्धित निकायले आगामी दिनमा शहरका अन्य व्यस्त चोक तथा सडकमा पनि यस्तै प्रकारका सुरक्षा सामग्री जडान गर्ने तयारी गरिएको जनाएको छ ।

# आयोगद्वारा निर्वाचन खर्च सार्वजनिक गर्न अनुरोध

**काठमाडौँ ।**
निर्वाचन आयोगले उम्मेदवारलाई आफ्नो निर्वाचन खर्च विवरण बुझाउन अनुरोध गरेको छ ।

आयोगले बिहीबार विज्ञप्ति जारी गरी निर्वाचन सम्पन्न भएको मितिले ३५ दिनभित्र राजनीतिक दलले निर्वाचन आयोगमा र उम्मेदवारले आफ्नो जिल्लामा रहेको प्रदेश–जिल्ला निर्वाचन कार्यालयमा निर्वाचन प्रचारप्रसारमा भएको आम्दानी तथा खर्चको विवरण तथा सो विवरण सार्वजनिक गरेको जानकारी गराउन अनुरोध गरेको हो ।

आफ्नो जिल्लामा रहेको प्रदेश–जिल्ला निर्वाचन कार्यालयको सूचना पाटी, सम्बन्धित गाउँपालिका वा नगरपालिका वा वडा कार्यालयको सूचना पाटी, राजनीतिक दलको जुनसुकै तहको कार्यालय वा वेवसाइट (राजनीतिक दलको तर्फबाट उम्मेदवार भएका उम्मेदवारको हकमा), आमसञ्चार माध्यम (पत्रपत्रिका, रेडियो, टेलिभिजन आदि) वा सामाजिक सञ्जाल (फेसबुक, ट्विटर, ईन्स्टाग्राम आदि) मा आफ्नो निर्वाचन विवरण सार्वजनिक गर्न आयोगको अनुरोध छ ।

निर्वाचन खर्चको विवरण नबुझाउने तथा सार्वजनिक नगर्ने एवं निर्वाचन खर्चको विवरण सार्वजनिक गरी त्यसरी सार्वजनिक गरेको विवरणको प्रमाणसहित लिखित जानकारी आयोग तथा सम्बन्धित निर्वाचन कार्यालयमा नदिने राजनीतिक दल तथा उम्मेदवारको हकमा निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ बमोजिम कारबाही हुने आयोगले जनाएको छ ।

निर्वाचन ऐन, २०७४ को दफा ७२ को उपदफा (४) बमोजिम निर्वाचन प्रचार प्रसारमा गरेको खर्चको विवरण पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ उम्मेदवारले सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा र समानुपातिक निर्वाचन प्रणालीतर्फको हकमा सम्बन्धित राजनीतिक दलले निर्वाचन आयोगसमक्ष तोकिएको ढाँचामा निर्वाचन प्रचारप्रसारमा भएको आम्दानी र खर्चको विवरण सार्वजनिक गर्नु भनिएको छ । निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (२) बमोजिम खर्चको विवरण सम्बन्धित सबैको जानकारीको लागि आयोगले तोके बमोजिम सार्वजनिक गर्नुपर्नेछ भन्ने कानूनी व्यवस्था छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन